'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

वि.सं. २०६९ वैशाख २४ ने.सं. ११३२ बछलाथ्व वैशाख पूर्णिमा

अर्हत

बुलेटिन १, वर्ष २



भनपा २ सिमालेस्थित बुद्धको ठूलो मूर्ति र चैत्य

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रो पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन । यो शील राम्ररी पालन गर्नेछु ।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै छोड्ने शील राम्ररी पालन गर्छु ।

श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार

अर्हत

वर्ष २ | बुलेटिन १ | २०६९ वैशाख पूर्णिमा

सम्पादन/प्रकाशन
बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन
फोन – ६६१९१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रेस इनाचो
भक्तपुर
फोन – ६६१४७९३

सहयोग रु. २०।–

अर्हतलाई बौद्ध साहित्यहरु दिई सहयोग गरिदिनु हुन पाठक वर्गहरुमा अनुरोध गर्दछ ।

बौद्ध दर्शन अध्ययन समाज

प्रकाशकीय

आज वैशाख पूर्णिमा अर्थात् त्रिसंयोगयुक्त दिन हो । बुद्ध जन्मनुभएको, बोधिज्ञान प्राप्त गर्नुभएको र ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभएको पनि आजकै दिनमा हो । आजको दिन विश्व मानव जातिका लागि अत्यन्त महत्त्वपूर्ण छ । त्यसकारण हामी प्रार्थणा गर्दछौं – 'नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स'

आजको दिनमा हामी सबैले स्मरण गरौं बुद्धका उपदेशहरु । ती उपदेशहरुलाई दैनिक व्यवहारमा लागू गर्दै जाऔं । बुद्धले हामीलाई सिकाउनुभएको छ – 'कुनै पनि सिद्धान्त वा विचारलाई आँखा चिम्लेर समर्थन नगर । त्यसलाई व्यवहारमा लागू गर । सही छ भने मात्र समर्थन गर ।' हामीले यस्ता उपदेशलाई चिन्तन र मनन गर्न नसक्दा दु:खको सागरमा डुबुल्कि मार्दै छौं । बुद्धको उपदेशलाई मनन् गर्दै त्यस सागरबाट उम्कन सकौं ।

हामी अधिकांश नेपालीहरु धार्मिक सहिष्णुतालाई अंगाल्दै विभिन्न देवदेवताका मूर्तिहरुलाई पुज्ने गर्दछौं । तर त्यस मूर्तिलाई किन पुज्दै छौं भन्ने कुरा कहिल्यै सोच्दैनौ. । हामीलाई लाग्दछ मूर्तिलाई पुज्नुभन्दा त्यस मूर्तिभित्रका व्यक्तिको गुणलाई अनुशरण गर्नसके के समाजमा सुख प्राप्त हुँदैन र ?

बुद्धको उपदेशलाई व्यवहारमा लागू नगरी मात्र बुद्धको मूर्तिलाई पूजा गर्दा के बुद्धको चित्त दुख्दैन र ?

आदरणीय पाठकवृद्ध, बुद्ध सम्वत २५५६ को अवसरमा अर्हत वर्ष २ मार्फत् बौद्ध दर्शन अध्ययन समाज हार्दिक शुभकामना व्यक्त गर्दछ ।

अस्तु

२५५६ औं बुद्धपूर्णिमाको सन्देश

भिक्षु अश्वघोष

बौद्ध परम्पराअनुसार मृत्यु भएको दिन गुण स्मरण गरी उत्सव मनाउने चलनचल्ती छ । बुद्ध ८० वर्षमा फेरि जन्म नहुने गरी परिनिर्वाण (मृत्यु) हुनुभयो । मतलब २५५६ वर्ष पुग्नु भयो ।

बौद्ध परम्पराअनुसार मृत्यु भइसकेपछि जन्मोत्सव मनाउने चलनचल्ती छैन । तसर्थ दिवंगत हुनुभएको दिनमा गुणानुस्मरण दिवसको रुपमा बुद्धपूर्णिमाको दिन उत्सव मनाउने परम्परा चलिआइरहेको छ । संयोगवश वैशाख पूर्णिमाकै बुद्धको (सिद्धार्थको) जन्म बुद्धत्व लाभ पनि यही दिनमा परेको छ । यो दिनलाई बुद्धपूर्णिमा भन्ने गर्छ । तसर्थ बुद्ध जयन्ती भने पनि केही आपत्ति छैन । तर २५५६ औं बुद्धजयन्ती भन्न मिल्दैन । जेहोस् बुद्धगुण स्मरण गर्ने लक्ष्य लिएर बुद्ध जयन्ती समारोह मनाउने गर्छ । हुन त बुद्धजयन्ती मनाउनु भनेको हामी बुद्धमार्गी बुद्धभक्तहरु गुणी र असल मान्छे बन्नुपर्ने हो । तर धेरै जनाको ध्यान यतातिर गएको देखिदैन । औपचारिकताको रुपमा बुद्ध जयन्ती समारोह मनाउने जस्तो देखिन्छ । जस्तै बुद्धमूर्तिलाई खटमा राखी जात्रा गर्ने गरी मनाउने गर्दछ । बुद्ध परिनिर्वाण हुनुभन्दा पहिले भिक्षुहरुलाई सम्बोधन गर्नुहुँदै स्पष्ट रुपमा भन्नुभएको थियो - भिक्षुहरु ! मैले संसार त्याग्न लागे । मैले भन्नुपर्ने कुरा - 'अप्पमादेन सम्पादेथ सतीमतो, सुसीलो होथ' भिक्षुहरु ! सधैं सतर्क, होसियार होऊ, चरित्रवान असल मान्छे होऊ । 'नहिं मय्हं माला गन्धादीहि पूजं करेत्ता मम पूजं करोन्ति नाम धम्मानुधम्मं परिपंन्जान्ता एव पन मं पुजेन्ति नयम'

अर्थात् सुगन्धित पुष्प धूपले पूजा गर्दैमा मलाई पूजा गरेको हुँदैन । मैले दिएको धर्मशिक्षाअनुसार आचरण गरेमात्र मलाई पूजा गरेको हुन्छ । मेरो इच्छा यही हो । मैले दिएको धर्म र विनय नीति नै तिमीहरुको गुरु हुन् ।

प्रसङ्ग बदलं अब बुद्धको शिक्षाअनुसार हामी कसरी गुणी र असल मान्छे बनौ र यतातिर जान प्रयत्न गरौं ।

नपरेसं बिलोमानि - नपरेस कता कतं
अत्तनोव अवेक्खेय्य - कतानि अकतानि च

अर्थ अर्काको दोष र अर्कले के गऱ्यो के गरेन भनी हेर्नुभन्दा आफ्नो दोष र आफूले के गऱ्यो के गरेन भनी हेर्नु नै बेस छ । बुद्धको विचारअनुसार आलोचना त गर्नसक्छ, तर रचनात्मक ढङ्गले गर्नु राम्रो हो । ध्वंसात्मक होइन र हुँदैन । अर्को स्मरणीय बुद्धको शिक्षा हो । प्रतिपक्षको पनि केही गुण छ भने त्यो गुणको पनि स्मरण गरौं । अनि केही मात्रामा द्वेष भाव कम हुनसक्छ ।

फेरि बुद्ध भन्नुहुन्छ - गल्ती र कमजोरी नभएको मानिस कमै पाउँला । फेरि फेरि गल्ती दोहऱ्याउन हुँदैन । आज भोलि त केही राजनैतिक नेताले अरु पार्टीको कमजोरीमात्र देख्छ र नकारात्मक रुपमा आलोचना गर्ने र गरिरहेको सुनिन्छ । यो बुद्धको शान्ति नीति विपरीत देखिन्छ । अत: बुद्ध जयन्तीको उपलक्ष्यमा हामी केही हदसम्म गुणी र असल बन्न सके सही बुद्ध जयन्ती मनाइएको ठहरिन्छ ।

बुद्धोपदेश सङ्गालो

सुखको बाटो कुन हो ?

भिक्षु उपतिस्सा

अनु. तेजरत्न शाक्य

विश्वमा वर्तमान दिनको जीवन सबै किसिमको आवश्यकता मिलाउन कठिन देखिन्छ । एउटा उपयुक्त रोजगारीविना अथवा एउटा रेडिमेड प्लास्टिक हातमा नभई कसैले पनि तपाईंलाई विश्वास गर्दैन । निकै थोरै कुराहरूमात्र भलाइको लागि मिलाइन्छ । पैसाको समाजमा एउटा प्रमुख भूमिका छ तापनि पैसाले समाजको हरएक समस्या समाधान हुँदैन जब एकजना व्यक्ति भरपर्दो र असल स्थितिमा पकड छ । उसलाई बाँच्न एउटा रोजगारी छ भने यसले आधुनिक समाजमा उसलाई बाँच्न अलिकति भए पनि सजिलो हुनसक्छ । अन्यथा कसैले पनि उसको स्थिति र भोगिरहेका कठिनाइ विचार गर्नेबारे भन्न सक्दैन । उसले आफूसँग मनमा उत्साह नभई उसको आफ्नो आवश्यकता पूर्ति गर्ने सजिलै उपाय पत्ता लगाउन सक्नेछैन । कुनै राष्ट्रका गरिब मानिसहरूलाई उत्थान गर्ने सान्दर्भिक प्रवाह अर्को पारस्परिक सहकारिता हो । केही मानिसहरू जो यदि धनीजस्तो देखिन्छ निजको आर्थिक स्तरले मात्र धनलाई सहकारिता फैलाएर हेरेपछि मात्र उसलाई धनी मानिन्छ । पारस्परिक सहकारिताको सघनता गरिब मानिसहरूको आर्थिक अवस्थाको जोखतौल नगरिकन आवश्यकतानुसार एउटा सहयोग जुटाउनमा धन सदुपयोगको ठूलो अभिप्राय झल्किन्छ । किनभने गरिबहरूले सापटी लिएको ऋण सजिलै फिर्ता गर्नसक्नेछैनन् र साझा धन (रास) को अलिकति धन ती जो धेरै खाँचो परेकालाई तिनीहरूको केही समस्याहरू समाधान होस् भन्ने विचारले दिएको धन एउटा राहत हुन्छ । गरिब मानिसहरूले यो ऋण फर्काउन नसक्ने भएको पत्ता लाग्दा तिनीहरूलाई ऋणको रुपमा दिनुको कुनै अर्थ छैन । यदि तथाकथित धनीले गरिब मानिसहरूलाई कुनै शर्तविना ऋण दिएर उदारता देखाउँछ भने यो सराहनीय र गरिब मानिसहरुले फर्काउन नसक्ने गरी ऋण लिने विचार गर्न आवश्यक देखिदैन । यदि तिनीहरूलाई ब्याजविनाको ऋण दिएको भए सो पूँजी लगाई कडा परिश्रम गरिसकेपछि तिनीहरूले ऋण तिर्नसक्छन् । जब गरिब मानिसहरूमाथि ब्याज तिर्ने दबाब परे पूँजी (साँवा) बुझाउन पनि धेरै समय लिन्छ र यसले तिनीहरूलाई ठूलो चिन्ता पारिदिन्छ । प्राय: मानिसहरूलाई ऋण उपलब्ध भएदेखि नै कडा मिहिनत गर्न बाध्यता पर्छ । अष्ट्रेलियामा यस्ता ऋणको प्रबन्ध एक किसिमको फेसन भएको छ र विद्यार्थीहरू राज्यको समर्थनविना जीवनको आशामा पुग्नसक्दैनन् । ऋण तिर्नुपर्ने सोच चिन्ताले नशालु पदार्थ सेवन गर्नेसम्मको परिणाममा पुग्नसक्छ । ऋण लागेको चिन्ता हटाउन केही मानिसहरू रक्सी र अन्य नसालु पेय लिनसक्छन् तर यो समाधान भने होइन । यदि एकजना बुद्धिमान व्यक्ति भए, चुरोट र नसालु पिउने खर्चबाट अलि अलि धन जोगाएर राख्न सकिन्छ । त्यसमा पनि केही बचाएर राखेको धन पनि घरायसी मामिलामा खर्च भएर सकिने हुँदा केही बोझ हुन्छ । यदि तपाईमा आर्थिक स्थिति सामना गर्ने ज्ञान भए अलिकति थोरै आयबाट पनि प्राय: समस्याहरूलाई प्राथमिकता क्रममा मिलाएर घटाउन सकिन्छ ।

'पटकम्मा सुत' मा एकजना व्यक्तिको धनप्रतिको लालचबारे पूर्ण विवरण दिइएको छ । एकजना व्यक्तिले

धन हात पार्नेबारे के सोच्छ ? साँच्चिकै एकजना व्यक्ति अवैध तरिकाले धन राख्न मनपराउँदैन । जे भए तापनि उसले आफ्नै इमानदारीका साथ प्रयत्न गरी कमाएको भनिएको नै वैध धन हो । बुद्ध यो वैध धन आफ्नो निजी फाइदाको लागि र अरुहरूको भलाइको लागि सदुपयोग गर्न सिफारिस गर्नुहुन्छ । बुद्धको भनाइमा वैध धन संसारमा चारवटा प्राप्त गर्ने कठिनमध्येको एक हो । अरु चारवटा प्राप्त गर्ने कठिन कुराहरूमा राम्रो ख्याति, दीर्घायु र सुखी जीवन हुन् । जब एकजना मानिसले वैध धन प्राप्त गरेको छ, उसले एउटा असल ख्याति प्राप्त गर्ने इच्छा गर्छ । असल नाम (ख्याति) सम्यक आजीविकाको एउटा परिणाम हुनसक्छ । बुद्धको उपदेशअनुसार निषेधित कामहरूले समाजमा विविध नोक्सान पुऱ्याउँछ र ती जो निषेधित कामहरूमा संलग्न भएका छन् जुन असङ्ख्य खतरनाक सामानहरू एक मुलुकबाट अर्को मुलुकमा ओसारपसार गर्नसक्छन् । आधुनिक विश्वको मानिसहरूले दैनिक भयसँग सरोकार हुने प्रतिकूल असरका कुराहरू चाल पाएका छन् र प्राय: राष्ट्रहरूले आफ्नो मुलुकका मानिसहरूलाई शान्ति ल्याउने कार्यमा शान्तिको प्रयत्न निष्फल भएका छन् । शान्ति प्रक्रिया सन्दर्भमा ठूलो प्रयास गर्दा पनि धेरै मुलुकहरूका मानिसहरूको जीवनको सुरक्षा र लगातार भय र सन्त्रासअन्तर्गत नै छन् । जबसम्म यी भयावह विष्फोटककारी युद्ध विभीषिकाको उत्पादन, हातहतियार वृद्धि नै भइरहन्छन्, त्यसबेलासम्म डरविना मानिसहरूले सास फेर्न पाउने गरी समाधान गर्न पाएका छैनन् । यदि धनी मुलुकहरूले युद्धका हातहतियारहरू वृद्धि गर्नुको सट्टा गरिबी उन्मूलन कार्यक्रम, सामाजिक कल्याण र विभिन्न धार्मिक आस्थाबीचको सामञ्जस्यतामा उत्साहित कार्यक्रम सञ्चालनमा बढावा दिने गरेको भए यो धर्तीहरूको लागि शान्तिप्रिय हुने हुन्छ । बौद्ध धर्मको सन्दर्भमा शान्तिप्रिय राष्ट्रहरूबीच न्याय र साझा विचार हुनु आवश्यक छ । बुद्ध धर्मले युद्ध विभीषिकाका हातहतियारका व्यापार, पशुबध, नसालु पेयपदार्थ, विषविषादि र तत्जनित कारोबारले व्यापारी स्वयम्लाई र अरुहरूलाई समेत नोक्सान पुऱ्याउँछ । यसकारण आफ्नै लागि भए पनि सम्यक आजीविकाको परिधि बाहिर रहेर काम गर्नु आफ्नो लागि र अरुको लागि पनि खतरा निम्त्याउनु हो । बुद्धले गलत व्यवसायबाट टाढा रहेर एकजना इमानदार व्यक्ति भएर एउटा सम्मानजक जीवनयापन भनी उपदेश दिनुभएको छ ।

बुद्धको समयमा सामाजिक स्तरअनुसार तिनीहरूको स्थिति पनि छुटिने किसिमका भिन्नभिन्न मानिसहरू हुन्थे । बुद्ध तिनीहरू स्तरलाई भेदभाव नगरी कुनै पनि व्यक्ति होस् तिनीहरूका Nobles Qualities विना उच्च व्यक्ति हुनसक्दैन भनी बुझाउनुहुन्थ्यो ।

एक व्यक्तिको कामले ऊ भद्र अथवा अभद्र हो उसको सामाजिक स्थितिले निर्णय हुन्छ । प्राय: मानिसहरू बाँच्नलाई काम गर्नुपर्छ । तिनीहरूको मुख्य ध्येय बढीसेबढी कमाउनु हो । जब तिनीहरूसँग प्रशस्त धन हुन्छ, तिनीहरूले ज्ञानको खोजी, राम्रो ख्याति शक्ति इत्यादिमा लगानी गर्दछन् । जुन कुरा टक्कामा सुतमा प्राय: मानिसहरूका सामान्य इच्छाको सन्दर्भमा खर्चिने धनबारे पूर्ण विवरण दिइएको छ ।

निश्चय नै प्राय: मानिसहरू सुखी र दीर्घायु हुन मनपराउँछन् । यदि कनै एकजना दीर्घायु र सुखी जीवन मनपराउँछन् भने उसले कुशल कर्महरू सम्पादन गरेर दीर्घायु र सुखी जीवनको आशीर्वाद पाउनको लागि तयार हुन आवश्यक छ । कोही मानिसहरू आफ्ना जन्मदिनमा साथीहरू र नातेदारहरूलाई निम्त्याएर सम्झनलायकको कार्यक्रममा दीर्घायु र सुखी जीवनको शुभेच्छाका आसिकहरू र उपहारहरू आदानप्रदान गरिन्छन् । भलाइका सोचहरूमा कुशल कर्म सम्पादन गर्नेहरूलाई एउटा सकारात्मक परिणाम ल्याइदिने एउटा शक्ति निहित छ । सोचहरू मैत्री, करुणा, मुदिता र उपेक्षा समेटिएकोले सहभागी साथीहरू र नातेदारहरुलाई कुनै किसिमको नोक्सान पुऱ्याउने कारण हुनेछैन ।

ती जो ज्येष्ठहरूलाई सम्मान गरेर दीर्घायु, सन्दरता, सुख र शान्तिको आर्शीवाद पाउने, हासिल गर्ने गरी कार्यक्रम गरेको हुनुपर्ने बुझाइ छ । बुद्धको समयमा एकजना किसान परिवारमा एउटामात्र छोरा थियो । ऊ केही दिनमै मृत्यु हुनेरहेछ । उसको बाबुले आफ्नो छोराको जीवन लम्ब्याउन उसलाई औषधि उपलब्ध गराएको थियो । तापनि सफलता पाउन सकेन र सो खबर बुद्धकहाँ जाहेर भयो । अनि बुद्धले उसको छोरा छिट्टै मर्नुपर्ने कर्मलाई दश कुशल कर्म कार्य सम्पादनबाट बदलीदिनु आवश्यक भएको महसुस गर्नुभयो र बुद्धले भन्नुभयो कि त्यही ७ दिनभित्र मर्नुपर्ने भएकोले सोही ७ दिन ७ रातसम्म अहोरात्र पुण्य सञ्चय कार्य गर्नुपर्छ र त्यसपछि उसको छोरालाई प्राप्त पुण्यानुस्मरणले केही उपाय सञ्चय हुनसक्ने भई सोही ७ दिन र ७ रातभित्र मनुपर्ने बदर भई आयु थप हुने उद्देश्यले बुद्धसमेत भिक्षु सङ्घलाई घरमा निम्त्याई पवित्र ग्रन्थका पवित्र वचनहरू वाचन गर्न लगाई पुण्यानुमोदन गरी दिएलगत्तै उसको छोराले दीर्घायु प्राप्त गऱ्यो । त्यसकारण मानिसहरूले हरएक वर्ष जन्मदिन मनाउनुको अर्थ उसको आयु निर्धारित भएकोबाट हरएक वर्षबाट क्रमश: छोटिँदै मृत्युको झन्झन् नजिक पुगेको सम्झना हो । यो एउटा उपयुक्त समय आफ्नो बितेको वर्षको छाप पार्नु हो । जब मानिसको जीवन र आयुबीच के घटबढ भइरहेको छ भन्ने प्रभाव पारेर आफूलाई अनित्य/संसारबाट छोड्नुपर्ने अवस्थाको संवेग उत्पन्न गर्न र आध्यात्मिक भाव दर्साएर आफ्नो मनमा अकुशल भावना घटाएर पूर्वभन्दा उत्तम जीवनयापन सम्भव हुने किसिमले पुण्यआर्जन हुने कर्म संस्कारतर्फ अकुशल चित्तमाथि विजय पाउन प्रेरणा हो । यस्तो किसिमको जन्मदिनको महत्त्वपूर्ण संयोगले सम्मान दिनुपर्नेहरूलाई औचित्य पूजा गरेझैं एक किसिमको शक्ति प्राप्त हुने देखाउँछ । जसमा बुद्धका विचारहरू र जो भिक्षुहरू सांसारिक प्रपञ्च - राग, द्वेष, मोह नभएकाहरूको पवित्र आशीर्वाद ती अनुयायीहरूमा सकारात्मक प्रभाव पार्दछ । आजसम्म पनि तिनीहरू विश्वास गर्दछन् । एक आपसमा कर्मसंस्कार सम्पन्न गरेर आशीर्वाद पाउँछन् । अर्को कुरा कर्तव्य निर्वाह गर्नु एउटा आशीर्वाद पाउनुसरह यसकारण कि एउटा परिवार अथवा समाजमा कसैलाई छुटाउँदैनन् । बुद्धले भन्नुभएको थियो ती जो घरमा आफ्ना अभिभावकहरू, जेठा पाकाहरूलाई नरम मिजासले बोल्ने र न्यायोचित व्यवहार एवम् कर्तव्य निर्वाह गर्नु एउटा आशिर्वादको प्रेरणा हो । झूटो नबोल्नु, लोभी विचार त्याग्नु, रिस नगर्नु, सद्भाव व्यवहार गर्नु, अभिभावकहरूका सरोकारवाला वर्तमान पुस्ताको कर्तव्य हो । आफ्नो जीवनमा सफलताको लागि घरैदेखिको व्यवहार, आचरण, अनुशासन, शिष्टाचार एउटा भावी पिंढी र ज्येष्ठ नागरिक, बुढाबुढीहरूबीचको सौहार्दता हो, सभ्यता पनि ।

ती सम्मानित वृद्धाहरूले पनि आफ्ना केटाकेटीहरूलाई जन्म दिनकै खुशीमा आशीर्वाद उपहार आदानप्रदान कार्यक्रमबाट हुने सुखद् क्षणको सदुपयोग हो । हरेकले आफ्नो जीवनमा सफलताको लागि जेठा पाकाको सद्भाव र औचित्यताअनुरुप आफ्नो निजी आचरण सुधार्नुबाट जीवनको कठिन समयमा पनि विजय पाउने अपेक्षा राख्दछ । समयमा एक टुक्रा उचित सल्लाह दिएर केटाकेटीहरूका भलाइ सम्बन्धमा चासो राख्नुबाट एकआपसमा समझदारी बढ्नुको साथै उनीहरूलाई बढी उत्तरदायित्वको भावसञ्चार गराउनुले अभिभावकहरूको कुरा लात मार्ने खालको अवहेलना गर्ने मौका नदिनु हो । यसरी अभिभावकहरू स्वयम्ले र छरछिमेकमा तिनीहरूका केटाकेटीहरूलाई शान्तिपूर्ण वातावरण सृजना गर्ने एउटा उदाहरण बन्न सक्नुपर्छ । हरएकले आफूलाई सुखी जीवन बिताउनु मन पराउँछ । कस्तो किसिमको जीवन एउटा सुखी जीवन हुनसक्छ ? यो असीमित सुखी जीवनको स्वरुपको उत्तर दिनु एउटा कठिन बुँदाजस्तो देखिन्छ । कोही मानिसहरू सुखी हुन्छन् ? जब तिनीहरूको इच्छा पूरा हुन्छ र त्यही समयमा तिनीहरूको इच्छा पूर्ण तवरले पूरा भएन भने सुखी हुँदैनन् । तिनीहरूको इच्छा एउटा

सांसारिक चासोसँग सम्बन्धित भएसम्म तिनीहरूले दीगो सुख पत्ता लगाउन सक्दैनन् । आफ्नो जीवन सुखमय तुल्याउने सोचले पहिल्याएका गतिविधिहरू अनुकूल भए सुखी र प्रतिकूल भए दुःखी ऋणमै डुबेर पनि सुखी बन्नेको भान पार्छ । बुद्धका अनुसार जो ऋण लिएर यदि उसलाई ऋण तिर्न ताकेता गर्दा पनि ऋण नतिर्ने व्यक्तिलाई कदर गर्नुहुन्न किनभने उसले जोसँग ऋण लिएको हुन्छ सामना गर्नसक्दैन र सामान्यतया साहुको नजरबाट बचाउ खोज्छ अथवा यदि उसले ऋण लिएकै छैन जस्तो बहाना पार्नसक्छ । यस्तो एकजना व्यक्ति समाजमा चुथो हुन्छ ।

ती जो ठूलो अपराध गर्ने राज्यको दण्डबाट बच्न सक्दैन । केही समयको लागि तिनी लुकी लुकी रहनसक्छ । जब त्यो समय आइपुग्छ र तिनले के गरेका हुन् त्यसलाई परिणामले देखाइ दिन्छ । तिनले निर्दोष सावित गर्ने अथवा फटाहाजस्तो रहनुपर्छ ।

फटाहा एकजना स्वयम् बेइमान व्यक्ति हो र उसले आफ्नो जीविकाको लागि गलत कार्य गर्नसक्छ । यसकारण जब एकजना व्यक्ति ऋण तिर्न कठिनाइ महसुस गर्छ उसले माफीको लागि झूट बोल्न बुद्धका अनुसार एकजना फटाहाको लागि कुनै किसिमको पाप गर्नु असम्भव छैन जब एकजना व्यक्ति झूट बोल्न लागेको हुन्छ अथवा अरु झूट बोलेर अरुलाई निराश पार्छ । त्यसरी नै उसले धेरै काम फत्ते गरेको हुन्छ । अन्त्यमा ऊ झूट बोल्नबाट बच्न सक्दैन जस्तो मनमा झूट बोल्ने सोचले कर्ममा रुपान्तर भयो । अन्य अवस्थामा उन्नति गर्न र सामान्य गतिविधि निर्वाह गर्न उसले धेरै प्रयत्न गर्नु आवश्यक हुन्छ अथवा ऊ एकजना इमानदारजस्तो बहाना बनाउनुपर्छ । किनभने ऋणले गर्दा मानिसहरू झूट बोल्दा तिनीहरूको सुख दीगो हुनसक्दैन । यो अरुहरूलाई अन्धो बनाउनुजस्तै जब स्वयम्लाई धोखामा पारी बस्नु सुखको अनर्थ हो । जबसम्म मानिसहरू ऋणमै रहन्छन्, तिनीहरू एउटा जेलमा बन्धीझैं बाध्यतामा रहन्छन् । जब एकजना व्यक्तिको केही पनि ऋण तिर्नुछैन, उसको सुखको अनुभव जेलबाट छुटेको कैदीको जस्तो मन र शरीर स्वस्थ एवम् हलुका हुन्छ, स्वतन्त्र रहन्छ । यसकारण बुद्ध धर्मका अनुसार ऋणबाट मुक्त जीवन ती जो आफूले तिर्नुपर्ने ऋण तिर्न बाँकी हुनेको भन्दा बढी सुखी हुनसक्छ । यदि मानिसहरूले सुखको निर्वाह सन्दर्भमा जबसम्म ऋण तिरिसकेको हुँदैन राम्रो मानिंदैन । जे भए तापनि ऋणबाट मुक्त हुनेको सुखमा अगाडि हुन्छ उच्चस्तरको हुन्छ । जसरी मानिसहरूले ऋण तिरिसकेको हुन्छ, तिनीहरूले आफ्नो परिवारका नातेदारहरू र साथीहरूको सद्भाव विषय विचार गर्ने समय पाउँछ । आफूले नतिरी नहुने मुख्य किसिमका बलिहरू अनिवार्य चुकाउनुपर्ने दस्तुर वा करजस्तो १) सरकारी कर बलि २) नीत बलि ३) अतिथि बलि ४) श्रद्धा बलि ५) देवता बलि हुन् । बौद्धवादमा स्वर्ग भइसकेका आफन्तहरूलाई गरिने श्राद्ध/पुण्यकर्म (पुण्यानुमोदन ज्यादै व्यापक छ । यी मानिसहरूले सामान्यतया मृत्यु भएका धेरै समय बितिसकेको भए तापनि स्वर्गीय भएका आफन्तहरूलाई श्राद्ध गर्न छुटाउँदैनन् । तापनि तिनीहरूका प्रिय नातेदारहरू मृत्यु भइसक्यो र बित्यो भने त्यो एउटा सम्झनाको गीत, बाँच्नेको अन्तस्करमा पुण्यकर्मको रुपमा कायम गरिराखेको हुन्छ ।

यसकारण तिनीहरूले स्वर्ग भइसकेका पितृहरूको नाउँमा श्राद्ध गर्ने र पुण्यानुमोदन गर्छन् । बुद्धले भन्नुभयो 'केटाकेटीहरूले मृत्युपछि पनि आफ्ना अभिभावकहरूलाई बिर्सनुहुँदैन । अभिभावकहरूलाई सम्झना गर्न वैदिक मतमा झैं बौद्धहरू पनि श्राद्ध गर्नेमा पर्छन् किनभने केटाकेटीहरूलाई जन्म दिनुको साथै पालनपोषण गरी हुर्काएका थिए । अभिभावकहरूले मूल्यवान एवम् स्नेहयुक्त कर्तव्य निर्वाह गरेको प्रतिफलमा जहिले पनि कृतज्ञताज्ञापन गर्नसक्नुपर्दछ । अभिभावकहरूलाई मात्र थाहा छ, तिनीहरूलाई हुर्काउन कति दुःख झेलेका छन् । तिनीहरूलाई हुर्काउन अभिभावकहरूले केटाकेटीहरूको उपयुक्त जीवनशैलीको छवि तयार गर्न जे जस्तो जोखिम

मोल्न पनि हिचकिच्याएनन् । यसकारण बौद्ध विचारमा यो खास किसिमको जीवनशैलीले केटाकेटीहरू र अभिभावकहरूबीचको सम्बन्ध देखाउँछ । त्यो सम्बन्ध पारस्परिक र एउटा पारिवारिक चरित्रको कर्तव्यमा आधारित छ । जुन पारिवारिक जीवनमा एउटा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । केटाकेटीहरू र अभिभावकहरूले यी कर्तव्यहरू निर्वाह गर्न निष्फल रहेमा भविष्यमा खेद प्रकट गर्नुपर्ने हुन्छ । केटाकेटीहरूमा सुयोग्य जीवनमा ढाल्न अभिभावकहरूको दायित्व जस्तो १) केटाकेटीहरूलाई पापकर्मबाट छुट्कारा दिने २) केटाकेटीहरूलाई सधैं असल काममा लगाउन उपाय गर्ने ३) तिनीहरूलाई एउटा असल शिक्षा दिने ४) एउटा कुलीन घरानासँग विवाह गरिदिने ५) तिनीहरूलाई जन्मसिद्ध अधिकार दिलाउने उपर्युक्त अभिभावकहरूको योगदानको बदलामा केटाकेटीहरूले अभिभावकहरूप्रति पूरा गर्नुपर्ने कर्तव्य - १) अभिभावकहरूको हेरचाह २) तिनीहरूको सानो/ठूलो काममा सघाउने ३) पुर्खाको ख्याति संरक्षण ४) अभिभावकहरूबाट हस्तान्तरित सम्पदाहरूको संरक्षण ५) अभिभावकहरूबाट हस्तान्तरित भएका गुणको पुण्यानुमोदन गर्ने । केटाकेटीहरूका लागि अभिभावकहरूले यहाँसम्म हुर्काउन कर्तव्य निर्वाह गर्न सामान्य किसिमले दुःखमा भोलेका ऋण चुक्ता गर्न सजिलो छैन । बुद्धले भन्नुभयो अभिभावकहरूले संसारलाई हेर्ने आँखा र हिंड्डुल गर्नसक्ने तुल्याउन पालनपोषण (इमासस लोकस्सदशेर अपादक पोषक) गरेको छ ।

यदि केटाकेटीहरू तिनीहरूका अभिभावकहरूको ऋणबाट छुट्कारा हुने इच्छा गर्छ भने तिनीहरूले अभिभावकहरू सुखी तुल्याउने असल कुराहरूले धेरै काम गर्नसक्नुपर्दछ । त्यसबेलासम्म पनि तिनीहरू ऋणबाट मुक्त हुँदैनन् । तापनि तिनीहरूले अभिभावकहरूका हरएक किसिमको आवश्यकता उपलब्ध गराइदिनुपर्छ । तिनीहरूले अभिभावकहरूलाई काँधमा बोक्नुपर्छ । बुद्धले देखाउनुभएजस्तै तिनीहरूका जीवनशैलीको गलत भएको विश्वासमा पारी परिवर्तनमा ल्याउनु अथवा विश्वासको महत्त्व, नैतिकता, उदारता र विद्वताबारे परामर्श दिलाउनुपर्दछ ।

यहाँ तीन किसिमका छोरा र छोरीहरू छन् । एक समूह अभिभावकहरूभन्दा उच्च र अर्को समूह निम्न छन् । बाँकी एउटा समूह मध्यमस्तरको समूह, तिनीहरूको अभिभावकहरूको एउटा छविजस्तै समान । तिनीहरू, अभिभावकहरूले गरेजस्तै तिनीहरूका अभिभावकहरूलाई ध्यान दिन चाहन्छन् । ती केटाकेटीहरू जो तिनीहरूका अभिभावकहरूभन्दा उच्च छन्, तिनीहरूलाई उँभो लाउने सही उपायबारे स्वयम्लाई थाहा छ । अर्को समूहका केही केटाकेटीहरू, तिनीहरूका बाल्यावस्थादेखि नै चलाख छन् । अभिभावकहरुले तिनीहरूलाई सम्झाउन बढी प्रयत्न आवश्यक पर्दैन । जहाँसम्म केही यस्ता कठिन केटाकेटीहरू छन्, अभिभावकहरूलाई सही बाटोमा ल्याउन प्रशस्त मिहिनेत आवश्यकता छ । कठिन केटाकेटी स्वभावतः निम्नस्तरका हुने मानिन्छन् । तिनीहरू अभिभावकहरूको निर्देशन मान्न तयार छैनन् । सम्भवतः अरु कारणहरू हुनसक्छ, किनभने कोही अभिभावकहरूले तिनीहरूको भलाइका निम्ति आवश्यक ऊर्जा र मिहिनेत गरेको भए तापनि तिनीहरूलाई तह लाउन कठिन भएको पत्ता लागेको छ । जे भए तापनि निम्न स्तरका केटाकेटीहरूलाई बढी रेखदेख आवश्यक छ उपर्युक्त सबै अभिभावकहरू जनाउ योग्य व्यवहारले तिनीहरूलाई सही बाटोमा ल्याउनु मूल्यवान छ जसले तिनीहरूलाई समाजको सामना गर्ने र सामाजिक व्यवहार मिलाउने शक्ति प्रदान गर्छ । जन्मदै चलाख हुनेको विश्वास एउटा बच्चाको जन्मजस्तो केटाको रुपमा अघिल्लो जन्मको कुशल कर्मले हुनसक्ने ठहर छ । जुन क्षमताले उसलाई उसको आफ्नै अभिभावकभन्दा उच्च व्यक्तिमा पाउनु महत्त्वपूर्ण हुन्छ । यसकारण कि ऊ छिटोछिटो जानकारीमा आउँछ । यस्तै पारिवारिक सम्बन्ध सदस्यहरूबीचको कर्तव्य पूरा गरेपछि समेटिएको हुन्छ । जब एकजना सदस्य उसको कर्तव्यको

महत्त्वबारे अनभिज्ञ हुन्छन् भने त्यस्तो परिवारमा हुने गोलमाल लापरबाहीको परिणाम हो ।

बुद्धको उपदेशअनुसार एउटा सुखी जीवनको अभिप्राय आफूलाई कुनै चोट नपुग्ने गरी सुख पत्ता लगाउने हो । अरुलाई चोट पुऱ्याएर सुख हासिल गर्नुलाई सुख मान्न सकिदैन किनभने उसले कठीन जीवनमा बाँच्नु परेको छ । संसारमा हासिल गर्नुपर्ने ४ वटा कठीन कुराहरूमध्ये सुखी जीवन एउटा हो । त्यो उपाय मानिसहरूले सुख हासिल गर्ने विभिन्न सामाजिक मूल्य एकबाट अर्कोमा फरक हुनसक्छ । जे भए तापनि जब मानिसहरू आफूखुसी हुने निरपेक्ष सोचबाट टाढा हुन्छन् तिनीहरू स्वयम्ले आध्यात्मिक तवरले प्राप्त गर्ने एउटा मौका छ । आध्यात्मिकताबाट प्राप्त हुने सुख दिगो हुनु जस्तो यात्रामा हिंड्ने व्यक्तिलाई सूर्यको छायाँ प्राप्त भएजस्तै मात्र छ । एकचोटि महावीरको एकजना चेलाकहाँ भेट्न बुद्ध पुगे । जब उनी स्वयम् चर्को घाममा तातिइरहेका थिए । उनी एउटा समतल ढुङ्गाको पाटामा घामले न्यानो पारी सुतेका थिए । उनको दुवै आँखा बन्द गरी सूर्यतर्फ मुख फर्काएको थियो । उनको शरीर नाङ्गो हुँदा घामले भतभती पोलिरहेको थियो । जसै निजको गुरु महावीरले अघिल्लो जन्मका पापहरू निर्मूल गर्ने एउटा उपाय सिकाएका थिए । यसरी घाममा बेस्सरी तताएर उनको दाग मेटाउन लागेको थियो । घाममा बुद्ध उसकहाँ पुगे र सोधे - किन ऊ भतभती पोलेको घाममा उतानो परेर सुतिरहेको थियो ? उसले भन्यो, आफ्नो गुरुले बताएअनुसार विगत जन्मका सबै पापहरू पखाल्न अभ्यास गरिरहेको हो । एकचोटि अघिल्लो जन्मका पापहरू पखालेपछि म शुद्ध र सुखी हुनेछु भनी उसले व्याख्या गऱ्यो । बुद्धले सोधे - पूर्वजन्मका पापहरू निश्चित छैन भने यसरी घाममा तताएर आन्तरिक कष्ट दिनुको कुनै अर्थ छैन । कसैले पनि सांसारिक परिवेशमा अमरत्व सुख हासिल गर्नसक्दैन ।

राजा विम्विसार सम्मले पनि दरवारभित्रका कुराहरूबाट लगातार सन्तुष्टि लिए तापनि सुखी हुनसकेनन् । ७ दिन ७ रातसम्म निराहार बसेर आफ्नो जीवनमा सन्तुष्टि पार्न अरु धनी व्यक्ति अथवा कसैलाई पनि यो सम्भव छैन । तर मेरो हकमा यो बिलकुल फरक छ । ७ दिन र ७ रातसम्म कुनै आहाराविना ध्यानमा रहेर सन्तुष्ट भएर सुखी हुनसक्छु भनी बुद्धले देशना गरे ।

बुद्धले आस्थाको सामाजिक महत्त्वको विचार भने इन्कार गरेनन् । शास्ताले मनमा सुख हुने शुद्ध उपाय देखाए । उनले बुद्धले जस्तै अभ्यासमा उतार्न सक्छ भने । सम्भावित सुख निराश र सङ्कटलाई छोडेरमात्र प्राप्त गर्नसक्छ । कोही मानिसहरूको लागि यो एउटा कारण हुनसक्छ । जस्तो ऋण तिर्न पर्नेहरूले ऋण तिर्न सम्फना नगर्नुभन्दा बरु ऋण तिर्नमा तयार भएर (ऋणबाट मुक्त भएर) सुखी बन्नसक्छ । आफै ऋणमा डुब्नु परेसम्म कुनै किसिमको उत्सव आयोजनामा धन खर्च नगर्नु राम्रो हुन्छ । यदि आफूलाई ऋण बुझाउन ल्याउन एउटा दबाब परेको छ भने समारोहमा खर्च गर्ने सोचभन्दा उसले ऋण तिरेको हुनुपर्छ । यसकारण कसैले पनि सुख खरिद गर्नसक्दैन । उपर्युक्त विचार गर्दा प्राय: सम्भव मानेको सुख सोचेअनुसार जस्तो जीवनको सुख दीगो हुने देखिदैन । जे भए तापनि यो हासिल गर्न कठिन हुनसक्छ र कसैले पनि यसलाई चुक्न दिन मनपराउने छैन । कोही मानिसहरूका लागि यो एउता कारण हुनसक्छ । तिनीहरू ऋण तिर्न मान्दैनन् बरु जब एउटा मन पापहरूमा आधारित गलत सोचहरूमा लाग्दाको आफ्नो पर्याप्त बुद्धिले आध्यात्मिक स्वरुपमा अघि बढ्नसक्छ । जब एकजना व्यक्तिले गरेको आफ्नो भूल स्वीकार्न तयार छ, अरुको दोष केलाउन सक्छ, यो एउटा जोखिम बुँदा हो । यदि आफूसँग ठोस प्रमाण छैन भने एउटा विरोधीविरुद्धको दोषारोपण गलत पनि हुनसक्छ र ऊ तपाईंको अभियोगलाई लिएर बढी क्रोधित हुन्छ । उसले तपाईंको दोष पत्ता लगाउने मौका खोजेर पछि तपाईंको अपमान गर्नसक्छ । यसकारण तपाईंले के गरेको हो अरुलाई बताउनुपर्छ । यदि तपाईंले अरुलाई बताउनुभयो भने तपाईंले के गरेको

छैन, बुद्धिमानले तपाईंलाई बुझ्नेछन् । अरुको कमिकमजोरीलाई सच्याउन बुद्धले यस्तो करुणा सदुपयोग गर्छन् । शास्ताले मानिसलाई यथासक्य कसुरहरू हुन नदिन यस्तो उपाय सुझाउँछन् । गल्ती पनि गर्दैनन् । शास्ता जे भन्छन् धेरैको कल्याणको निमित्त गर्छन् । आफूले भनेमुताविक काम गरी देखाउछन् । उनी दृढ र स्मृति राख्छन् ।

बुद्धको उपदेश तत्कालीन भारतभर फैलियो । अरु आस्थाका धार्मिकहरूले बुद्धको विरुद्ध लाञ्छना लगाए । जैन मतालम्वी शिष्यहरूले बराबर बुद्धको दोष पत्ता लगाउन कोशिश गर्दथे । तर तिनीहरूले आफ्नो प्रयत्न सफल पार्न सकेनन् । बुद्धको विरुद्ध लगाएको लाञ्छना बुद्धको विश्वव्यापी करुणाले प्रतिवाद गऱ्यो । एकपटक जैन धर्मका केही शिष्यहरूले बुद्धको मानहानी गर्न खोजेको र बुद्धको यथासम्भव चरित्र घटुवा गर्ने प्रयास रचे । उनीहरुले चिंचा मानविका नाउँकी एउटी केटी आपत्तिजनक र आकस्मिक रुपमा बुद्धकहाँ विहारभित्र पठाए । त्यहीं केटी बुद्ध नै आफ्नो लोग्ने भएको, आफू गर्भिनी भएको बहाना पारी बुद्धको विरुद्ध अनुपयुक्त सिकायत गर्न गएकी थिइन् । बुद्धवादका अनुसार बुद्धबाहेक सबैलाई यस्तो दोषहरूका भागीदार बनाउनु स्वाभाविक छ । तर राग, द्वेष र मोहबाट अलग भएकालाई यस्ता प्रमाणित गर्न सम्भव थिएन । तर सामान्य मानिसहरूको जीवनकालमा अरहत् हुनु पूर्वसम्म पूर्वजन्मका कर्मफल कारण लाग्नसक्छ । बुद्धको सन्दर्भमा त्यस समयसम्म सम्यक सम्बोधि प्राप्त गर्न सम्पूर्ण आश्रमहरू क्षयमा बोधगयाको बोधिवृक्षमुनि एकचित ध्यान गरी बुद्धत्व प्राप्त नगरेसम्म बोधिज्ञान अनुशरण भएन । त्यसपछि नै बुद्ध कहलाउन थाल्यो । यसकारण बुद्धको जीवनकालसम्म त्याग भएपछिमात्र शास्ताप्रति पूजा र भेटि अर्पण गरी सम्मान गरिएको थियो । बुद्ध धर्मकाले कहिले पनि नोक्सान हुने सोचले आफ्नो र अरुहरूलाई समेत घटुवा पार्ने गरी वढावा गर्दैनन् । जुन आफ्नो कार्यमा भद्र व्यवहार गर्ने बदलामा एउटा सकारात्मक धारणालाई प्राथमिकतामा पारेको छ । आध्यामिक जीवनको स्वरुपतर्फ निश्चय नै असल सोच भएको विचारले निर्देशित हुन्छ । आज प्राय: बौद्धहरू शास्तालाई जीवन्त बुद्धमा निहित भद्रता गुणहरू समाहित भएको मान्दछन् । बौद्ध धर्मावलम्बीहरू बुद्धद्वारा प्रतिपादित कदममा अग्रसर हुन बुद्धको उपदेशलाई आत्मसात गर्नु नै बुद्धलाई मान्नु हो भने बुँदा औंल्याइएको छ । ती जो बुद्धोपदेश अनुसरण गरेर व्यवहारमा समाजको नैतिक स्वरुपको पहुँचमार्फत् तिनीहरूको मनलाई सवल पार्न सकून् भन्ने रहेको छ । आध्यामिक बल हासिल गर्न बढीसेबढी मात्रामा आफ्नो मन, वचन र कर्मको नियमित पहरा दिनुसँग सम्बन्ध रहेको छ । यी तीन जीवनका गतिविधिहरूमा प्राय: गडबडमा ल्याउने प्रमुख द्वार हुन् । मनुष्य प्राणीहरू सामान्यतया एक आपसमा अन्योन्याश्रित छन् । एउता परिवारका सदस्यहरू र साथीहरूका आपसी सहयोगविना जीवनयात्रा कुनैको सम्भव छैन । सामाजिक मूल्य र रीतिरिवाज ढाँचाको अलिकति ज्ञान र नियमविधि स्वीकार्नु आवश्यक छ । यसले आफ्नो मनको चञ्चलतामाथि विजय पाउनसक्छ । त्यसपछि प्राय: समस्याहरूको सहजै निकास हुन्छ । भावनात्मक गतिविधिले सामान्यतया चित्तलाई शान्त पार्दैन । उत्तेजनाको अभिप्राय अस्थिर मनको एउता अभिमत हुन्छ । जब मानिसहरू सपनाको संसारमा एउता उद्देश्यमा पुग्छ । तिनीहरू आफ्ना भावना नियन्त्रण गर्नसक्दैनन् । धेरै आकस्मिक प्रतिक्रियाहरूले खुसी तुल्याउन नसक्नु एउटा कारण हुनसक्छ ।

त्यस्ता दिग्दारीहरूले र सुखका आँसुहरूले ती अनुहारहरू जीवनको रहस्यबाट दु:ख पाए भावनाले सूचित गर्नसक्छ । आफ्नो मनमा जीवन परिधिमा घटेका कुराहरू हेर्नलाई साहस आवश्यक हुन्छ । यदि एउटा अपेक्षा तदारुकतासाथ साँचो देखा पर्न नआए मन सन्तुलित राख्न निरपेक्ष सोच महत्त्वपूर्ण हुन्छ । कर्मको प्रभावमा पर्नसक्छ र एउटा मनमा बाध्य शक्तिले असल सोचले पनि ढिलो अनुमति दिनसक्छ । समाजमा भरपर्दो मित्रता बहुतै दुर्लभ

र असल सोचहरूले जीवनमा सफलता भेटाउने आशाले अगाडि बढ्न कठिन छ । त्यसबेलासम्मको कठिन स्थितिमाथि विजय पाउने सहयोगी साहस आवश्यक छ, कर्म एउटा विचार-विमर्शको सोचको पहल हो । यसले अधिको निर्णयहरूको विकल्पको केही प्रतिफल दिन्छ । यस्तो किसिमको हेरफेर एकजना व्यक्तिको लागि जो आफ्नो भाग्यको एक शिकार भएको छ व्याख्या स्पष्ट छैन । जे भए तापनि एकजना व्यक्तिको एउटा कार्य जुन उसलाई घटुवा वा निकासतर्फ उसको जीवनको ढङ्गले परिवर्तन हुनसक्छ । ती सब घटनाहरू आफ्नो कर्मका परिणाम होइनन् । यदि एकजना व्यक्तिले आफ्नो जीवनमा नै धेरै गल्तीहरू गरेको छ भने हरएक गल्तीहरूको लागि उसले माफी पाउनेछैन । बरु केही गल्तीहरू कम भई गल्तीहरूको परिणामबाट बच्छ । यस्तो किसिमको कामलाई असाहोसि कम्म (asahosi kamma) भन्छन् । जसै हरएक सोचपूर्वकको कार्यको एउटा परिणाम अहोसि कम गर्नेले पछुतो हुन नपरोस् । कम्ममा उपदेशहरू एउटा साधारण व्यक्तिको ज्ञान परिधिभित्रको हुन्छ । यो एउटा दुर्घटनालाई दृष्टि दिने खालको हुनसक्दैन । बुद्धवादमा कारण अद्वितीय छ । एउटा असाहोसि कम्ममा एक कर्तालाई धेरै मौका प्रदान गर्छ । एउटा काम कुशल र अकुशल कार्यलाई सान्दर्भिक ज्ञानले बढावा दिने र एकजना व्यक्तिको एउटा अघिल्लो जन्मको दोषको कारणले ऊ स्वयम् कुशल गतिविधिमा संलग्न हुन ढिलो हुन्छ । कुशल कार्यको फाइदा हासिल गर्न निष्फल हुनसक्छ । जब दोषलाई एउटा पाठजस्तो लिएर मनमा शान्ति पाउने आफ्नै किसिमको बाटो पत्ता लगाउने मौका ऊसँग छ । शान्तिसँग सफलता हासिल गर्नमा प्रमुख स्थान ओगटेको हुन्छ । उसले आफ्नो अघिल्लो दोषहरू दोहोऱ्याउन ठानेको छैन । दोषहरू इच्छा शक्तिको सोचहरूबाट जोखिमविनाको पद्धतिमा राखेर उसले मनको शान्तिको अर्को उपाय पत्ता लगाउनसक्छ । यस्तो किसिमको वातावरणअन्तर्गत शान्ति हासिल गर्न आफ्नो मनका अशुद्ध सोचहरू शुद्ध पारेर कुशल कार्यमा लाग्नु आवश्यक छ । जसबाट परिणाममा अघिल्लो दोषहरूमाथि विजय पाउने एउटा सम्भव उपाय हो । सम्भवत: भद्र प्रयत्नहरूबाट अशुद्ध सोचहरूलाई दमन गर्नेजस्तो फेरि देखापर्नसक्छ र यी अशुद्ध सोचहरु निर्मूल गर्न आवश्यक छ । सोचाइमा विद्वताको छाप, वचन र कार्यहरू दोषहरूको यसरी उन्मूलनतर्फ निर्देशित छ र आफ्नो मनको शुद्धता पाइन्छ ।

सामान्यतया दोषहरू आपसेआप गरिबहरू र शक्तिहीन मानिसहरूलाई दु:ख भोगाउन पुन:नवीकरण हुन्छन् । यसकारण गरिब र शक्तिहीनहरूले शक्तिमा रहेकासँग सामना गर्नुपर्ने हुन्छ । प्रतिकार गर्ने एउटा निष्कर्ष लिन बहुतै अप्ठ्यारो हुन्छ । यस्तो किसिमको ज्यादै स्थिति गरिबको दोष होइन । तर केही धनी मानिसहरूको अरुलाई आफ्नो शक्तिसामु निहुराउने र झुकाउने काम उनीहरूको अत्यधिक इच्छाको कारण हो । तिनीहरूले शक्तिहीनहरूको लागि कठिन स्थिति सजना गर्न बाउ छर्न सक्छन् । ती जो सत्यको उचित ज्ञानको अभाव भएकाहरूलाई दु:ख दिने सोचको कारण गरिबका दोषहरू नभए तापनि बरु अशुद्ध सोचहरू पुनर्नवीकरण गरिएका हुन् । व्यवहारिक स्वरुपको बौद्ध धर्म प्राय: मानिसहरूका लागि जीवनको सच्चाइको सञ्चालन गर्नजस्तै हो जुन सत्यमा आधारित छ । सत्य एउटा धर्मको स्वरुप हो र धर्मको समर्थन गर्नुको अभिप्राय ती जो बलिया र शक्तिशाली धर्मसँग सामना गर्ने समयमा सहाराहीन मानिन्छ ।

यो एउटा कारण हुनसक्छ किनभने तिनीहरू आफ्नो अधिकार र शक्ति आफ्नो स्तरले गर्दा गरिबको जीवन एउटा कठीन स्थितिमा राखेर अथवा हार खुवाएर आफ्नो अवस्था चिल्लो पारी राख्न प्रयोग गर्दछन् । तर धर्मको प्रकृति असल र खराब हटाउन परिणामहरू दिन यसको आफ्नै भूमिका छ । एउटा वचन पालिग्रन्थमा प्रयोग भएका 'धम्म समादान' से एक व्यक्तिको व्यवहारलाई सङ्केत गर्दछ । दोषहरू मनुष्यको कमजोरीका परिणाम हुन् । जब मानिसहरू आफ्नो कमजोरीप्रति

निगरानी राख्न असफल हुन्छन् अथवा दोषहरू पाखा लगाउने कोसिस गर्दछन् तब दोषहरू झन् माथि आउँछन् ।

मानिसहरूका लागि धेरै दोषहरूलाई ठेगान लगाउने निश्चित उपाय पत्ता लगाउन कठिन हुन्छ । आन्तरिक सुख हासिल गर्ने अपेक्षाले निपुण मानिसहरुले दोषमाथि आउन दिँदैन । बरु तिनीहरु दोष नै हटाउन कोसिस गर्नसक्छन् अथवा तिनीहरू दोषलाई पहिलो दृष्टिमै सम्बोधन गर्दछन् । ती जो गल्ती गर्दछन् दोषहरूलाई बुद्धिमत्तापूर्वक सच्याउन चाहे दोषहरू एउटा ढुकुटी समान विचार गर्दछन् । सबै मानिसहरू आफ्ना गल्तीहरू देख्दैनन् र कहिलेकाही दोषहरूलाई अनभिज्ञता प्रकट गर्दछन् । यसकारण तिनीहरू विद्वत्तापूर्वक सोचविचार र व्यवहारले आफ्नै ढङ्गले सच्याउन आवश्यक छ । आफ्नो निजी गल्तीहरूमा दृष्टि पुऱ्याई दोषहरू न्यून गर्दै लगी तिनीहरूले गल्ती दोहरिन नदिई तिनीहरू आन्तरिक सुख हासिल गर्न सक्दछन् । केटाकेटीहरूको हकमा अभिभावकहरूले तिनीहरूको कमीकमजोरीहरू औंल्याई जहाँ तिनीहरू छाडा छोडिएका छन् सच्याउने र सुधार गर्ने अधिकार छ ।

ती जोसँग सरोकार छ करुणापूर्ण परामर्श हुनसक्छ । यसकारण कि कसैलाई चोट नपुऱ्याउन र बरु बुद्धि पऱ्याएर केटाकेटी, विद्यार्थी अथवा साथीहरू र तिनीहरूका अभिभावकहरू, गुरुहरूसमेतलाई राम्रो सल्लाहको निम्ति ढङ्ग पुऱ्याएर कृतज्ञता प्रकट गर्नसक्छन् । पारस्परिक समझदारीमा दोषहरू केलाउन प्राथमिकता दिएर रिस र वैमनष्यताले बदला लिने सोचको बदलामा सहनशीलता र सामञ्जस्यता ल्याइदिनसक्छ । उल्लेखित धम्म समादान एउटा उपयुक्त समयमा भलाइ वा खराबको परिणामको रुपमा विश्वास गर्नसक्नुपर्छ । यो कदमहरूको लक्ष्य दु:ख हटाउनतिर उन्मुख छ । यी कदमहरूले उत्तेजना, डर, विपत्ति अथवा मनको घाउ प्राय: दु:खका कारणबाट यसले मनलाई विस्तारै मुक्त पार्छ । तिनीहरू जीवन चक्रबाट कुनै समाधान पत्ता लगाउन समर्थ हुनेछैनन् । इच्छालाई प्रमुख दु:खका जराहरूको रुप लिदैन भने कोही मानिसहरूको लागि यो हेर्दा मामुलीजस्तो देखिन्छ । तापनि इच्छालाई तय गर्न साँच्चिकै कडापन छ । इच्छा एउटा अजङ्गको रुखको जराजस्तै छ जुन पृथ्वीको भित्री सतहसम्म घुसेको छ किनभने जराहरू बलियो भएकाले एउटा हावाको वगले पनि रुखलाई ढाल्न सक्दैन । जराहरु नै मक्किएको अवस्थामा मात्र रुख ढाल्न सक्छ, ठाडो उभिन सक्छ । यसकारण प्राय: मानिसहरुको इच्छाको स्वरुप पनि यस्तै हो र तिनीहरू दु:खको उत्तरोतर प्रवाहबाट बच्ने छैनन् (तापनि तिनीहरू यसलाई नै सुख ठान्न सक्छन् ।) इच्छा सामान्यतया बढ्छ र मानिसहरू यसको स्वरुपको मोह सितिमिति काट्न या छेदन सक्दैनन् । जब मानिसहरू दु:खको कारण देख्दैनन, तिनीहरूले दु:खलाई गहिरो चेतनाको रुपमा विचार गर्ने छैनन् । उनीहरू मनको बोझको रुपमा विविध मनोरञ्जनमा अल्झेर बिसन चाहन्छन् । तिनीहरु मनको उत्तेजना स्वरुपलाई दमन गर्न विभिन्न उपायको खोजी गर्न कोसिस गर्नसक्छन् । मनोरञ्जनहरू जुन इच्छामा आधारित हुन्छ, उनीहरूबाट रमाइ उत्तजनालाई दबाउने एउटा तरिका दिगो रहनेछैन । इच्छाको स्वरुपले बढी मनोरञ्जन पत्ता लगाउन निर्देश यसकारणले हुन्छ ती जो तिनाहरूको आफ्ना चेतनाद्वारा सुख पत्ता लगाउने कोसिस गर्दछन् । तिनीहरू स्वयम्को चेतनालाई सन्तुष्ट पारी भ्रमबाट अन्धो पारिने छैन ।

एउटा भ्रमको परिणामले धेरै मात्रामा दोष र कुकर्महरू देखापर्नेछ । मनुष्यको दु:खको अध्ययनले जन्मेदेखि नै कोही पनि दु:खबाट मुक्त छैन भने देखाउँछ । दु:खको अनुभवको कारण कोही मानिसहरू दु:खबाट बच्ने अचुक उपाय पत्ता लगाउने कोसिस गर्दछन् । जुन बेलासम्म इच्छा निमिटयान्न हुदैन, दु:ख पनि समाप्त पार्नसक्दैन ।

तापनि एउटा हर्षको झिल्को अथवा सांसारिक आनन्दको सन्तुष्टिको प्रतिफलमा एउटा दु:खको कारण हुने मानेका छ । जब मानिसहरू यस्तै आनन्दले अन्धो तुल्याइएको भएर तिनीहरू ठाक बाटो देख्न सक्दैनन् । केही सशक्त शब्दहरू व्याख्या गर्न प्रयोग भएका छन् भने कति कडा आकर्षणले तानिन्छन् । धेरै मानिसहरूको ज्ञानेन्दियको सम्पर्कद्वारा तिनीहरूको चेतनाको सहुलियतको आधार भएको प्रशंसा भयो । आँखा, कान, नाक, जिब्रो, काम र धर्म स्वचेतनाका सहुलियतहरू हुन् । जब यी सहुलियतहरू यी आधारसित सम्पर्कमा आउँछन् वस्तु, शब्द घ्राण, स्वाद र स्पर्श हरएक सम्पकबाट चेतनाहरू उठिन्छन् ।

कामच्छन्द, कामतन्हा, काममुच्छा, कामपिपासा र कामदाहजस्ता यी पाँच मजबुत शब्दहरू सबै प्रवचनहरूमा उल्लेख भएका छन् । यी शब्दहरूका व्याख्यामा भरपर्ने गरी जुन देखेका छा अथवा ज्ञानेन्द्रियका सम्पर्क र तिनीहरूको आधारको दु:ख एउटा परिणाम होइन । इच्छा दु:खहरू उत्पादन गर्ने प्रमुख बुँदा हुन् । जब मानिसहरू इच्छाको स्वरुपदेखि समाधान छैनन् भने तिनाहरू सामान्यतया उल्लेखित इच्छाको चारित्रिक लक्षणहरूको फैलावटमा विकास हुन्छ र तिनीहरू दु:खको परिणामबाट पनि छुटकारा हुनसक्दैनन् । इच्छा सामान्यतया वृद्धि हुन्छ । जब मानिसहरू सन्तुष्टिको एउटा चाहनाले केही कुराहरू थप गर्छन् एउटा सल्केको बत्तीझैं बढको माथि नयाँ उर्जा थप भएपछि झन् बल्न थाल्छ । एउटा रुख जुन जरासम्म नउखेलेसम्म यसका हाँगाहरू काटे पनि बढ्न काम भई नै रहनछ । जीवन सङ्घर्षमय हुनुको कारण एकैचोटि इच्छालाई त्याग्न सजिलो छैन । दु:खको केही ज्ञान भए तापनि प्राय: मानिसहरू आफू स्वयम् सन्तष्टि पाउन त्यसबेलासम्म पनि विभिन्न उपायहरू हदछन् ।

यो कानुनको चारबुँदे उपलब्धि हो । जुन किसिमको कानुनसम्मत परिणाम ल्याउनमा परिर्वतन गर्दैन त्यो कानन हरकलाई समान स्तरमा लाग् हुन्छ ।

१) धर्मको यो कानन हो जुन वर्तमान र भविष्यमा दु:खमा (दु:खीलाई) फाइदा गर्छ ।
२) यो धर्मको कानुन हो जुन वर्तमानमा दु:ख पाइरहेका र भविष्यमा सुखको लागि योगदान गर्छ ।
३) यो धर्मको कानुन हो जुन वर्तमानमा सुखको लागि र भविष्यमा दु:खीको लागि सहयोग पुऱ्याउँछ ।
४) यो धर्मको कानुन हो जुन वर्तमान सुख र भविष्यमा सुखको लागि योगदान गर्छ ।

दु:ख एउटा बुद्ध धर्मको दर्शनमा प्रमुख उपदेश हो । दु:खको ज्ञानविना मानिसहरूले सामान्यतया बुद्ध धर्मको गम्भीर पक्षको बोध गर्नमा सहयोग पुग्नसक्दैन । जब मानिसहरू वर्तमान र भविष्यमा दु:खको अनुभव गर्न डर मान्छन् तिनाहरू खराब सोचमा रहने छैनन् । केहो सोचहरू उसले वर्तमानमा स्वयमलाइ नोक्सान पार्ने देख्न सक्दैनन् । तर पछि आफ्नो सोचलाई पछुतोको उत्तजनामा पार्नेछ । जब मानिसहरू जन्मदाको सुरुका आफ्ना सोचहरू निरीक्षण गर्न असफल हुन्छन् तिनीहरूलाई यी सोचले बाहिर राखेको हुनेछ र सोको प्रवाहपूर्ण परिणाम एउटा अनुभव हुनेछ । तपाईं जस्तो बीउ छर्नुहुन्छ त्यस्तै बाली काट्न पाउनुहुन्छ । ती जो भलाइ गर्छन् भने एउटा राम्रो बाली भित्र्याउनेछ र ती जो खराब कर्म गर्छन् पापबाट दु:ख भोग्नेछौं भनी बुद्धले उपदेश दिनुभयो ।

बुद्धवादमा दु:ख हुनु एउटा प्रमुख विषय मान्दछ । यस खास विषयको अध्ययनले यसबाट छुटकारा पाउने एउटा बाटो पत्ता लगाउन निर्देशित गर्नसक्छ । जन्मदेखि सत्व प्राणीहरू दु:ख विषयका केही घटनामा तिनीहरू यसलाई निको मान्दछन् वा रुचाउँदैनन् । तिनीहरूले धर्म समादानको कानुन पालना गर्नुपरेको छ । जसै तिनीहरूलाई सुम्पेको जस्तो जीवनको एउटा अमर सत्य दु:ख हो । कसैलाई पनि दु:ख पाउनबाट छुट दिने गरेको छैन । कोही मानिसहरू मानसिक

गडबडले दु:ख पाइरहेका हुन्छन् । अरुहरू शारीरिक अस्वस्थताले दु:ख पाइरहेका हुन्छन् । शारीरिक अस्वस्थता उपचारजन्य छ र मानिसहरु जो बराबर शारीरिक बिरामी छैनन्, जो दीर्घायु बाँच्न सक्छन् । तर कोही हेर्दा बलिया मुहार देखिन्छन्, तापनि कोही पनि दु:ख पाउनबाट छुटेको छैन ।

पूर्वकृत पापहरूका परिणामबाट स्वयम्ले दु:ख भोग्न पूरा भएको छैन भने दु:खबाट बच्न बहुतै कठिन छ । पापहरूको परिणामबाट विजय पाउने क्रममा धेरै मिहिनेत आवश्यक छ । कल्याणकारी गतिविधिमा अल्झिएर र मनलाई गलत कार्यमा नदोहोऱ्याउने सोचविना दु:ख पाउने परिणाम घटाउन सक्ने स्वयम्को जीवनको ढाँचामा उन्नति गर्नसक्छ । गत, वर्तमान र भविष्य दु:खमै हुने एउटा अत्यधिक इच्छा आपसी उपज हो । जब इच्छा मनैमा जारी राख्ने अनुमति दिँदैन तब दु:खको बदला शान्ति र शीतलताको अपेक्षा राख्नसक्छ । परिवर्तनको कारणले मानिसहरू दु:खबाट विजय पाउन खोज्छन् तापनि सकारात्मक परिणाम हासिल गर्न सकेका हुँदैनन् । तिनीहरूले मनलाई एकाग्रमा राखी प्रज्ञा हासिल गर्न आफ्नो नैतिकता दोस्रो आर्य सत्यमा उल्लेखित दु:ख सत्य इच्छाको तेस्रो परिप्रेक्ष्यहरूजस्तै कामतनहा (कामतृष्णा) र विभवतनहा हुन् । इच्छाको स्वरुपको परिप्रेक्ष्यमा विचार दिन सम्भव छ । ती जो आफ्नो सन्तुष्टिको लागि चासो राख्दासम्म पनि तिनीहरूको इच्छा घटाउन समर्थ हुनेछैन । यसकारण बुद्धले सधैं एउटा उपाय देखाउन चाहनुहुन्थ्यो - जुन दु:खी मानिसहरूले दु:ख पाउने कारणमाथि विजय पाउन निर्देश गर्नसक्छन् । जुनबेलासम्म मानिसहरू मानसिक रुपले सबल हुँदैनन् तबसम्म शास्ताका उपदेशहरूलाई तिनीहरूले दु:खको एउटा अचुक दवाइको रुपमा लिनसक्दैनन् । दु:ख सामान्यतया एउटा कारण हो, एउटा वस्तुको रुपमा यो हेर्नेछैन । एउटा मनमा उब्जेका सोचहरू यसको परिणाममा निर्देशित छन् । सोचहरूको सूत्रतर्फ निर्देश हुनेछ ।

यो संसार मनले निर्देश गर्दछ । एउटा वस्तुको तथ्य स्वरुप बोध हो । मन धेरै समय त्यहीं वस्तुमा टासिँदैन । जे भए तापनि जसै मानिसहरू बाँच्नको लागि सोच्नुजस्तै आँखाको सम्पर्कमा आएको आकारद्वारा उब्जेको विचारविना सामान्य सोच्नु सजिलो छैन । कहिलेकाहीं आँखाको स्वरुपको दायित्वको एउटा थोरै ज्ञान पनि एकबाट अर्कोको तिनीहरूको जस्तो छ । दु:खलाई अन्त्य गर्नको निम्ति आकार आवश्यक छ । किनभने मनमा शान्ति निर्वाह गर्न मानिसहरूले जीवनको सचाइ बोध गर्नु आवश्यक छ । प्राय: दु:ख सांसारिक सुखको अत्यधिक इच्छाको सम्पत्ति र धनको परिणाम हुन्छ । प्राय: मानिसहरूको यो जीवनको एउटा सच्चाइ हो । यो सच्चाइको सम्वन्धमा जेजस्तो गरेको हुन्छ र तिनीहरू दु:खबाट कहिले बच्न सक्दैनन् ।

सांसारिक इच्छा, सांसारिक सुखको तृष्णाको लागि सामान्य तड्पिरहन्छ । जो त्यस्तो चाहनाको पछि लाग्छ तब एक चेतनाको इनाममा प्रदूषित छ । इच्छा ऊसँग बढ्दै गएर दु:ख हट्नेछैन । जुनबेलासम्म दु:खको प्रकृति र दु:खको सन्दर्भमा स्वयम्को बुझाइ निरीक्षण गरिँदैन ती दु:खी मनुष्य प्राणीहरू, तिनीहरूले विश्वास गरेका नैतिकताहरूको आस्थामा विश्वास निर्वाह गरिरहनु आवश्यक हुनेछ । विश्वास नै सत्यको एउटा आधारभूत पहुँच हो । दु:खको बोध गराउनेतर्फ यसले आफू स्वयम्लाई एउटा पर्याप्त विश्वास दिलाउँछ । नैतिक अभ्यास गराई एकचित र प्रज्ञामा यसले निर्देश गर्छ । धर्मको बोधगम्य ज्ञानले मनको स्वरुप प्रशिक्षण गर्न दृष्टि सवल पारी निर्देश गर्छ । प्राय: मानिसहरू सन्तुष्टि असडाबाट छुट्कारा पाउन कठिन छ । जब तिनीहरूले आदिनव (as a pleasure) लाई ठाने जाँचपडताल दु:ख हो भन्ने realised भयो ।

ती जो (जसले) दु:खको बोधगम्य ज्ञान प्राप्त गरेको हो लगत्तै सन्तुष्टिलाई अस्तित्वमा राखिराख्न धेरै समयसम्म टाँसिरहनुपरेन ।

संसारमा देख्ने र नदेख्ने दुई प्रकारका सत्यहरूलाई अङ्गालेका छन् । तिनीहरूको नाउँ एउटा संवृत्ति सत्य र अर्को परमार्थ सत्य हुन् । आँखा, कान, नाक, जिब्रो, कार्य र मन सामान्यत: दृष्टि, शब्द, गन्ध, स्पर्श र मानसिक वस्तुहरू सम्पर्कमा आउँछन् । तिनीहरू आपसमा सम्पर्क स्थापित भएपछि चेतना प्रस्फुटन हुन्छ । दृष्टि आँखाको चेतना हो । मानिसहरू सामान्यतया रमाइलो वस्तुहरूमा दृष्टि दिन रुचाउँछन् किनभने तिनीहरूलाई उपभोग गर्न तिनीहरूसँग टाँसिरहन चाहन्छन् । यदि तिनीहरू फाइदा दिन्छन् भने तिनीहरू कोसिस पनि गर्छन् । हामी त्यो सबै कुरा देख्छौं अथवा हाम्रो मनमा सोच पैदा गर्ने भावना गर्छौं जुन निष्कर्षमा चेतनाहरू हुन् । यसकारण सम्वृत्तिको अभिप्राय एउटा सत्य, जुन हरएकले स्वीकारेका छन् । उदाहरणको लागि आरोग्यता एउटा ठूलो सुख हो । निरोगिता एउटा ठूलो सुख हो तापनि मानिसहरू रोग र मृत्युका सम्भाव्य छन् । एकजना व्यक्तिले प्राप्त गरेको सुख परिवर्तन हुन्छ जब त्यो बिरामी पर्छ । अन्त्यमा सुख साँचो सुख हो तर यो एउटा सधैं हुने ठानु हुँदैन । त्यो कुनै किसिमको सम्पर्कमा उत्थान हुन्छ । हामीहरू यसको दीर्घायु चाहन्छौं त्यो तापनि पछिसम्म रहदैन । दिग्दारी एउटा त्यस्तो खास सुखको परिणाम हो जुन हामीहरूको लागि रहिरहोस् भन्ने चाहन्छौं, यसलाई पाउन कठिन छ । हामीहरू स्वादिलो खाना खान्छौं र हामीहरू विचार गर्छौं । हामीहरू यसलाई उपभोग गर्छौं तर सच्चाइमा जब हामीहरू भोका छौं हामीहरूले काम गर्नु आवश्यक छ र भोलिको लागि खानेकुरा तयार गर्नुपर्दछ ।

यसकारण भोकाएका दिनमा हामीलाई उही किसिमको सुख फिर्ता आउनेछैन । सुख एउटा साँचो हो तर पछिसम्म रहँदैन । हामीहरू पुन: सुखी हुन कडा मिहेनत गर्छौं । परमार्थ सत्य यो सञ्चालनमा आएदेखि नै पछिसम्म फेरबदल हुँदैन ।

यदि एकजना व्यक्तिको आफ्नो आचरण राम्रो छ भने दीर्घायुसम्म उसलाई सुखी तुल्याउने अभ्यास निर्देशित हुनेछ । दस प्रकारका कुशल कर्म नै परमार्थ सत्यसम्मको उपयुक्त पहुँच हो । सम्यक दृष्टि र सम्यक विचारमा दस प्रकारका कुशल कर्मले आफ्नो मन शुद्ध पार्छ र शुद्ध मनले ऊ परमार्थ सत्य नजिकमा पुग्छ । यसकारण परमार्थ सत्यको पहुँचका सन्दर्भमा बुद्धको परामर्श बहुत छर्लङ्ग छ जुन धेरै सरल र हरेकलाई साधारण छ तर आफ्नो जीवनसँग सापेक्ष तुल्याउन कोसिस चाहिन्छ । यो यस्तै देखिन्छ दीर्घकालसम्मको सुख एउटा कठिन पद्धति हो ।

बुद्ध प्रतिपादित संवृत्ति सत्यको ज्ञानद्वारा दीर्घ सुख प्राप्तिको लागि यस्तो साधनको कस्तो किसिमको कदम चाल्नुपर्छ भन्ने हामी निधो गर्छौं । यो सम्पूर्ण नैतिक आचरणमा एकचित गरी प्रज्ञा गर्ने कुरो हो । आफ्नो मन दीर्घ सुख प्राप्त गर्ने सन्दर्भमा गलत सोचहरूमा टाँसिरहेसम्म संवृत्ति सत्यको पहुँच सम्भव छैन ।

आफ्नो मन दस किसिमको दसकुशललाई ग्रहण गर्ने घुलनसिलता हो । ऊ स्वयम्ले सिक्न कोसिस गर्नेछ । अनि नैतिक आचरण, मन एकचित पार्ने गरी त्यहीबाट प्रज्ञा हासिल गर्ने उल्लेखित अभ्यासमा उतार्नेछन् । काय, वाक् र चित्तको भरपर्दो प्रशिक्षणद्वारा संवृत्ति सत्यको दीर्घ सुख हो । जसमा शारीरिक वचन र मानसिक गतिविधि हुन्छ । दु:खको उचित जानकारी नै त्यसताकाको समानान्तर नियन्त्रण हो । सबै श्रद्धा बुद्ध धर्म र सङ्घप्रति शुद्ध मनले उच्चारण गर्न हरेकलाई आवश्यक छ । बौद्धवादले भौतिक सम्पतिको पहुँचलाई इन्कार गरेको छैन तापनि केही अल्पज्ञ मानिसहरू बुद्ध दर्शन एउटा निराशावादी धर्म हो भन्ने विचार राख्छन् । बुद्धोपदेशमा निराशावादी लक्षण छैनन् । यसले दृढ सङ्कल्पद्वारा आफ्नो जीवनको लक्ष्य प्राप्तिमा उचित मार्ग पत्ता लगाउने कदम चाल्ने समर्थन गर्नमा उत्साहित गर्छ । श्रद्धा, वीर्य (शक्ति) स्मृति, समाधि र प्रज्ञा आफ्नो जीवनको सारतत्त्व हो । यसबाट सिद्धि प्राप्त गर्ने उपाय भनेको तपाईंले आफ्नो जीवनको बढावा दिने एउटा विचारले यी लक्षणहरू कसरी

विकास गर्न सकेको हुन्छ, त्यसैमा भरपर्छ । यी बुद्धोपदेशका अभ्यासका परिणामहरू हुन् । यी लक्षणहरूलाई अनुमोदन गरे आध्यात्मिक सुख प्राप्त गर्ने तपाईंको अधीनमा रहेका अरु किसिमका सुखहरूभन्दा माथिल्लो स्तरका हुनेछन् । तिम्रो विश्वास ऊर्जा, स्मृति, मन एकाग्रता र प्रज्ञाबाट वृद्धि हुन्छ । तिमी सांसारिक प्रपञ्चबाट विचलित हुनुपर्नेछैन ।

अरुको फाइदाको लागि तिमी स्वयम्ले पहल गरेको पाँच लक्षणहरूमार्फत् प्रेरणा पाएदेखि नै तिमी निश्चित सबैमा सफलता पाउँछौ । बुद्धवादमा श्रद्धा गहिरो भएदेखि नै दु:खबाट छुटकारा पाउने यो प्रमुख प्रवेश हो । तिनीहरू स्वयम् उपदेशहरू अभ्यास गर्न र सिक्न इच्छा गर्छन् भने पहिला श्रध्दा गरेर स्थापित गर्नु आवश्यक छ । बुद्धोपदेशमा एउटा विश्वासविना परिणामले एउटा अध्ययन निष्प्रयोजन हुन्छ । जब तिनीहरूले बुद्धोपदेशमा श्रद्धा गुमाएका हुन्छन् तिनीहरूले ऊर्जा परिचालन गर्ने एउटा समय पत्तो पाउँदैनन् । सम्यक सम्बोधी प्राप्तिपछि बुद्धले विश्वलाई सन्देश प्रसारण गर्नुभयो । विश्वमा बुद्ध हुनुपूर्व प्राय: भारतका मानिसहरू डरबाट छुटकारा पाउने बाटो खोज्दै थिए । तिनीहरू सोच्थे - तिनीहरूले प्रकृतिका श्रृजनाहरू अर्थात् रुखहरू, ढुङ्गाहरू र पूर्वीय मन्दिरहरू इत्यादि शरणमा जान पत्ता लगाउन सक्छन् । तर बुद्धले तिनीहरूको कमजोरी देख्नुभयो र भन्नुभयो - पाउने कारणको विनाज्ञानको तथ्य उपायको बोधविना कसैले पनि दु:खबाट छुट्कारा पाउनसक्दैनन् । यसकारण डरले काँपिरहेका मानिसहरूका लागि बुद्ध जन्मनुभन्दा अगाडि डरबाट छुट्कारा पाउने कुनै विकल्प थिएन । बुद्धले भन्नुभयो । संसार बाहिर कहीं पनि शरण पाउने थियो । शरण चार आर्य सत्यको स्पष्ट बोधगम्य ज्ञानको साथमा पाउँथ्यो । जब आफू प्रकृतिको आफ्नो निजी गतिविधि अवलोकन गर्न समर्थ हुन्छ र डर कहाँबाट आउँछ बुझ्छ । उसले निश्चय नै डरको कारण उन्मूलन गर्छ । विद्वताको छाप आफ्नो निजी गतिविधिहरूमा आवश्यक छ । आफूले डरको कारण देख्छ र आफू स्वयम् सम्यक आजीविकासँग सापेक्ष रहेपछि यसमाथि विजय पाउँछ ।

प्राय: हामीहरूलाई चार आर्य सत्यहरूको बोध छ । दु:ख आर्य, सत्य, सम्यक कर्म र सम्यक आजीविका दुईवटा प्रमुख बुँदाहरू आफ्नो शारीरिक गतिविधि र जीवन निर्वाहसँग सम्बन्धित छन् । यी दुईवटा आर्य अष्टाङगिक मार्ग समूहअन्तर्गत पर्दछ ।

चोरी र यौन व्यभिचार सम्यक कर्म हुन् । हातहतियारको व्यापार माँस दासदासी, विषविषादी र हत्या सम्यक आजीविका होइनन् ।

नोक्सानदायी सोचहरूबाट आफूलाई पैदा हुने डर विनासबाट जोगाउन

बुद्धले मानिसहरूलाई दसकुशल सोचहरू अभ्यास गराउन चाहनुहन्थ्यो ।

दसकुशल सोचहरूको अभ्यासबाट बुद्धिमानीको छाप पार्न सम्भव छ । बुद्धिमानी झुकावको मूल्यवान इन्साफ सम्यक दृष्टिमा भरपर्दछ जसले चार आर्य सत्यहरूको ज्ञानलाई बढावा गर्छ । बुद्धका अनुसार जब आफूले प्रकृतिको गतिविधिमा एउटा दृष्टि प्राप्त गरेको हुन्छ भने स्वयम्ले दु:खबाट छुटकारा समर्थ हुन्छ । जब एकजना व्यक्ति कलुषित सोचमा नै अल्झिन्छ भने ऊ दु:खबाट छुट्कारा पाउन समर्थ हुनेछैन किनभने कलुषित सोचले ऊ लगातार डर र चिन्ताका साथ बाँच्नुपर्छ । यसकारण त्रिरत्नको झुकावमा बरोबर कलुषित सोचहरूमाथि विजय पाउन उठ्न दिन्छ र ऊ चार आर्य सत्यको ज्ञानको पहुँचमा पुग्छ । त्यही समयमा ऊ चार सन्तुष्टिहरूमा पुग्छ । जस्तो:- मैत्री, करुणा, मुदिता र उपेक्षा । अनि त्यस्ता कलुषित सोचहरू सहअस्तित्वमा टिक्न सक्दैन । जब उसले उच्च राज्यहरू विकास गर्छ तब उसले कायिक र मानसिक आनन्दहरू अनुभव गर्छ ।

श्रद्धाञ्जली

जन्म : १९९४/६/२६ स्वर्गारोहण : २०६८/८/२३

स्व. दुर्गादेवी व्यांजू

हाम्रा ममतामयी माता दुर्गादेवी व्यांजूको निधनले हामीलाई अत्यन्तै दुखित एवं मर्माहत तुल्याएको छ । दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

पति – शिवप्रसाद व्यांजू

छोराहरु	–	शशीशेखर व्यांजू	छोरीहरू	–	जानकी मढिकर्मी
		रविशेखर व्यांजू			मोहनदेवी कर्माचार्य
		विकास व्यांजू	ज्वाई	–	साधुराम मढिकर्मी
बुहारीहरु	–	मिना व्यांजू			विष्णु कर्माचार्य
		विजयलक्ष्मी व्यांजू	नाती	–	सञ्जय मढिकर्मी
नाती	–	मोहित व्यांजू			आयुष कर्माचार्य
नातिनी	–	शमी व्यांजू	नातिनी	–	शिशम मढिकर्मी
		शमा व्यांजू			मोना कर्माचार्य
		रविना व्यांजू			

एक विश्वप्रसिद्ध बौद्ध विदुषी
मिस ग्रेस कन्स्टाण्ट लाउँसवरी

रत्नसुन्दर शाक्य

ऐतिहासिक शाक्यमुनि बुद्धले बुद्धत्व प्राप्तिपछि ४५ वर्षसम्म विशेषत: उत्तर भारतका विभिन्न गाउँ, नगर, देशमा गई धर्म प्रचार गर्नुभएको फलस्वरुप पछि मौर्य सम्राट अशोकले आफ्नो संरक्षकत्वमा तृतीय संगायना सम्पन्न गराई बुद्ध-धर्मको प्रचार प्रसारार्थ पूर्वमा सुवर्णद्वीप (बर्मा), पश्चिममा ग्रीस, मिश्र -सिरया, उत्तरमा मध्यएसिया र दक्षिणमा ताम्रपर्णी द्वीप (श्रीलङ्का) सम्म धर्म दूतहरु पठाउनुभएको थियो - यो नै प्रामाणिक (ऐतिहासिक) रुपमा भारत बाहिर बुद्ध धर्मको सन्देश प्रथमपल्ट पुगेको सिद्ध हुन आउँछ ।

सम्राट अशोकको 'धर्मदूत' (धर्मको प्रचार-प्रसार) कार्यपछि ईशाको प्रथम शताब्दिमा कुषाण सम्राट कनिष्कले चतुर्थ संगायना गरी बुद्ध-धर्मलाई मध्य एसियाका विभिन्न मुलुकहरु (कूचा, काशगर, खोटान, यारकन्द आदि) मा पुऱ्याउनुको साथै बुद्धको प्रतिकस्वरुप धर्मचक्र, बोधिवृक्ष आदि अङ्कित गरी पूजाभाव गरिराखेकोमा ग्रीक देशको प्रभाव अनुरुप गान्धार शैलीमा बुद्धको मूर्ति निर्माण कार्य पनि शुभारम्भ गरिएको थियो ।

सम्राट अशोक र सम्राट कनिष्कले विभिन्न देशहरुमा पठाउनुभएका बौद्ध-धर्मदूत मण्डल पुऱ्याइएको प्रतिफलस्वरुप ती ती देशहरुले पनि पुन: त्यस्तै धर्मदूत एवं धर्म उपहार (बुद्ध मूर्ति र बौद्ध ग्रन्थ पुऱ्याइ) हरु पठाई ऋणबाट ऋण हुँदै गएकोबाट बुद्ध-धर्म केही शताब्दीभित्रै विशेषत: एसियाभरमा फैलिसकेको थियो ।

एसियाई बुद्धको शान्ति सन्देश पश्चिम जगतमा प्रत्यक्ष (प्रामाणिक) रुपमा १९ औं शताब्दीको सुरुदेखिमात्र पुगेको देखिन्छ । यथार्थमा भन्ने हो भने सन् १८२१ देखि १८४५ सम्म नेपालमा बृतिश रेजिडेन्ट भएर आउनुभएका बी.एच. हड्सन (B. H. Hodgson, 1800-1894) ले नेपालमा संकलन गरिएको अपार संस्कृत बौद्ध ग्रन्थहरु कलकत्ता, लण्डन र पेरिस विश्वविद्यालयमा पुऱ्याइएकोबाट नै संस्कृत भाषामा आधारित बुद्ध-धर्म युरोपमा प्रवेश गरेको मानिन्छ । यद्यपि यसभन्दा अगाडि सन् १८२७ मै फ्रेन्च प्राच्यविद् (Orientalist) पुजीन वर्नफ र जर्मन प्राच्यविद् क्रिश्चियन लासेन दुवै मिली 'पालि भाषा' विषयमा निबन्ध लेखी फ्रान्समा पालिभाषाको माध्यमबाट बुद्ध-धर्मको शुरुवात भएको ज्ञानबारे अध्ययन प्रारम्भ भइसकेको थियो ।

यसप्रकार फ्रान्समा विशेषतया युजीन बर्नफ (सन १८०१-५२) ले सुरु गर्नुभएको बुद्ध धर्मको अध्ययनको विकासलाई पछि सिलवेन लेवी (सन् १८६३-१९३५) ले दूतगतिमा बढाए पनि सन् १९२९ अगाडिसम्म फ्रान्समा कुनै जीवित बौद्ध संगठन नरहेको ठाउँमा सन् १९२८-२९ मा युरोप भ्रमणमा आइपुग्नुभएका एक चिनियाँ भिक्षु ताई-शू (सन् १८८८-१९४८) ले पेरिसमा बुद्ध धर्ममा समर्पित (दिल चस्पी भएकी) एक अमेरिकन महिलासित सम्पर्क राखी बुद्ध धर्मको प्रचारप्रसारार्थ 'Les Amis Du Buddhisme' नामक संस्था स्थापना गर्नुभएको थियो । यहाँ ती नै श्रद्धालु बौद्ध विदुषी महिलाको बारेमा केही चर्चा गर्ने जमर्को गरिएको छ - उहाँको नाम हो - मिस ग्रेस कन्स्टाण्ट लाउँसबरी (Miss Grace Constant Launsbery) ।

२० औं शताब्दीको पहिलो दसकमा जन्मेका मिस ग्रेस कन्स्टाण्ट लाउँसबरी पहिलो विश्वयुद्धको समयमा

माता-पिताका साथ फ्रान्समा आएकी थिइन् । पेरिसमै उहाँले आफ्नो अध्ययन जारी गरी विज्ञान (Science) मा स्नातक गरी नर्स भएकी थिइन् ।

स्थविरवाद बुद्ध धर्ममा विशेष श्रद्धा भएकी मिस् ग्रेस कस्टाण्ट लाउँसवरीलाई भिक्षु ताइ-शूले आफू महायानी बुद्ध धर्ममा लागेको भएर पनि स्थविरवाद बुद्ध धर्मको महत्तालाई अङ्गीकार गरी उहाँले लण्डनमा आइपुगेको श्रीलंकाका महाबोधि मिशनका भिक्षुहरुलाई पेरिसमा पनि आमन्त्रण गर्न लाउँसबरीलाई विशेष सल्लाह दिनुभएको थियो । अतः कोलम्बो (श्रीलंका) बाट आउनुभएका महाबोधि मिशनका भिक्षुहरुमा डा. भिक्षु बजिरानन्द, भिक्षु नारद एवं भदन्त आनन्द कौशल्यायन पनि पेरिसमा धर्म प्रचारार्थ आईपुग्नुभएको थियो ।

मिस ग्रेस कन्स्टाण्ट लाउँसबरी

स्मरणीय छ, 'Les Amis Du Buddhisme' स्थापना भएको ३ वर्षपछि भदन्त आनन्द कौशल्यायनभन्दा अगाडि यस संस्थाबाट सम्मान (आतिथ्य) प्राप्त गर्नुभएको व्यक्ति हुनुहुन्छ -भिक्षु राहुल सांकृत्यायन । उहाँ १४ नभेम्बर १९३२ का दिन लण्डनबाट पेरिसमा पुग्नुभई उक्त संस्थाका अध्यक्ष मिस जि. सी लाउँसबरी र सचिव (मन्त्री) माड्म ला फैण्ट (Mme La Fuente) को आतिथ्य पाउनुभएको थियो ।

मैडम् ला फैण्ट-उक्त संस्थाबाट प्रकाशित त्रैमासिक पत्रिका 'La pense Bouddhique' का सम्पादक थिए । यस 'ला पेन्सो बुद्धिक' पत्रिका समीक्षात्मक हुनाको कारण पूर्व र पश्चिमका अनेकौं विश्वविद्यालय र पुस्तकालयहरुमा पनि यसको माग भइरहन्थ्यो ।

पेरिसमा दुई हप्ता (१५-२९ नोभेम्बर १९३२ ई) को निवासकालमा विशेष नजदिकको रुपमा रहेका उहाँहरु दुवैको व्यक्तित्वको बारेमा त्रिपिटकाचार्य भिक्षु राहुल सांकृत्यायन उल्लेख गर्नुहुन्छ -

'कुमारी लाउँसबरी अमेरिकन है किन्तु बहुत वर्षौंसे पेरिसमें ही रह गयी है, बडी ही सुसंस्कृत और भगवान बुद्धमें असीम प्रेम रखनेवाली । बुद्ध धर्मके प्रचारमें सतत् परिश्रम करती रहती है । उनका विचार है कि किसी एकान्त स्थान में एक बौद्ध आश्रम कायम किया जाय, जहाँ फ्रान्सके बौद्ध समय समय पर एकान्त चिन्तन कर सके ।'

'मदाम् ला फैण्ट - एक बडे ही सम्भ्रान्त कुलकी महिला है । बुद्ध धर्मकी बडो अनुरागिणी है । उन्हाने एक तिब्बती पुस्तकका अंग्रेजी से फ्रेन्चमे अनुवाद किया है, भगवान बुद्धके १५३ उपदेशों वाले 'मज्झिम निकाय' का भी वह अनुवाद कर रही थी ।'

'Le Amis Du buddhisme' को स्थापना पश्चात् धेरै पटक उहाँहरु दुवै (अध्यक्ष र सचिव) ले भारत, श्रीलंका र बर्मा देशको भ्रमण गरी त्यहाँको धार्मिक स्थितिको बारेमा अवगत गरी स्वदेश फर्की आ-आफूले सक्दो तवरले धर्म प्रचार कार्यमा तल्लीन भएका थिए ।

विशेषतः जि-सी लाउँसबरीले भिक्षु राहुल सांकृत्यायनले उल्लेख गरे अनुसार फ्रेन्च श्रद्धालु बौद्धहरु जम्मा भई धार्मिक गतिविधि एवं ध्यानभावना गर्न उपयुक्त एक स्थानको तयारीमा लाग्दै रहिन् । उक्त संस्था स्थापना भएको अढाइ दशकपछि १० नोभेम्बर १९५४ का दिन (रजत वर्षको समयमा) एक धम्मशाला भवन तयार गरी श्रीलंकाका सुविख्यात भिक्षु डा. वालपोल राहुल (सन् १९०७-

९७) को तर्फबाट समुद्घाटन गर्न सफल भएकी थिइन् ।

यसै भवनमा पहिलोपल्ट १४ नोभेम्बर १९३२ का दिन भिक्षु डा. वालपोल राहुलले नै उक्त संस्थाका पदाधिकारी, सदस्यहरु एवं पेरिसका सरकारी स्कूलका विद्यार्थीहरुको सामू शील सम्बन्धमा 'मज्झिम निकाय' को 'अम्बलन्ठिक राहुलोवाद सुत्त (स..नं. ६१) को प्रसङ्ग लिइ प्रवचन दिनुभएको थियो ।

यसै धर्मशालामा श्रद्धालुहरुको दर्शनार्थ एवं पूजाको निमित्त एक बुद्ध-मूर्ति र बुद्धको एक अस्थिधातु पनि स्थापनार्थ भिक्षु नारद महास्थविर (सन् १८९८-१९८३) ले सन् १९४९ मा प्रदान गरिराख्नुभएको थियो ।

मिस् ग्रेस कन्स्टाण्ट लाउँसबरीले पेरिस (फ्रान्स) मा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसारको क्रममा धार्मिक गतिविधिले मात्र प्रभावित गर्नुभएको थिएन किन्तु आफ्नै परिश्रमले कमाएको रकमले एक अस्पताल खोली सुरुमा ५० जना बिरामीहरुलाई आवश्यक सम्पूर्ण प्रबन्ध मिलाई तथागत बुद्धको वचन 'यो गिलान उपन्राति सो मं उपन्राति' अर्थात 'जसले रोगीको सेवा गर्छ उसले मेरो सेवा गर्छ' भन्ने उद्गारलाई चरितार्थ गरिएको छ ।

मिस जि.सी लाउँसबरीले फ्रान्समा स्थविरवाद बुद्ध-धर्म प्रचार-प्रसारार्थ आफूले पालि साहित्यको मात्र विस्तृत अध्ययन गरेको थिएन बुद्ध-धर्मको मेरुदण्डको रुपमा रहेको विपश्यना ध्यान-भावनामा पनि त्यति नै दिलचस्पी राखी अझ सन् १९३४ मै 'Buddhist Meditation' नामक एक विख्यात कृति पनि लेखी प्रकाशन गरेकी थिइन । यस पुस्तकमा 'भूमिका' अमेरिकन बौद्ध विद्वान डब्ल्यू.वाइ. इभान्स वेन्ज (W.Y. Evans Wentz 1878-1965) ले लेखिदिएको थियो । यस पुस्तकको अतिरिक्त मिस जि.सी लाउँसबरीले अनेकौं व्याख्यान, अनेकौं लेख एवं पुस्तकहरु लेखी निरन्तर प्रकाशन पनि गर्दै आएकी थिइन् ।

'The World Fellowship of Buddhist' / 'Buddhist Vihar society, London' को उपाध्यक्ष को रुपमा सन् १९५६ मा नेपालमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलनमा फ्रान्सको प्रतिनिधित्व गरी आउनुभएकी मिस ग्रेस कन्स्टाण्ट लाउँसबरीलाई फ्रान्सको सरकारले समेत 'Cross of chevalier of th Legion d' Honneur' जस्ता विशिष्ट उपाधि प्रदान गरेबाट उहाँको व्यक्तित्व एवं योगदान छर्लङ्ग हुन आउँछ ।

अन्तमा, तथागत सम्यक सम्वुद्धले सुत्तनियात' गून्थको 'सल्लसुत्त' मा उल्लेख गर्नुभए जस्तै :

'यथापि कुम्भकारस्स् कता मत्तिक भाजना ।
सब्बे भेदनपरियन्ता, एवं मच्चान जीवितं ॥

अर्थात्,

'जसरी कुम्हारद्वारा बनाइएको हर माटाका भाँडा-वर्तन एक न एक दिन नष्ट हुन्छ त्यस्तै जीवित प्राणीहरु सबै एक न एक दिन मृत्युको मुखमा अवश्य जान्छ ।' सोही अनुरुप मिस ग्रेस कन्स्टाण्ट लाउँसबरीले पनि आफ्नो झण्डै ७ दसक जतिको मात्र उदेश्यपूर्ण जीवनकाल सन् १९६९ को दिसेम्बर महिनामा सदाको निमित्त अन्त गर्नुभयो ।

ଓଓଓ

सन्दर्भ

१) विश्वय् बुद्ध-धर्म - भिक्षु सुदर्शन
चन्द्रवीर सिंह कंसाकार
पुतलीसडक काठमाडौं - २०३१

२) मेरी युरोप यात्रा - राहुल सांकृत्यायन
किता महल, इलाहावाद १९४५ (दि.सं.)

३) बौद्ध जगतका स्मरणीय व्यक्तिहरु, भाग - २
रत्नसुन्दर शाक्य
मानदास लुमन्ती प्रकासन
असन, कमलाछि, काठमाडौं - २०५०

४) Report of the third and Fourth Conference of th world Fellowship Buddhists

५) The Western contribution to buddhism
william peiris
Motilal Banarasidas
Jawahar Nagar, Delhi - 1973

आदिपद्‌म महाविहार १

परिचय

आदिपद्‌म महाविहार ख्वपया छगू प्रमुख विहार खः । ख्वप नगरया पूर्वपाखे अर्थात् वडा नं. १ तौलाछें त्वालय् थुगु विहार अवस्थित जुयाच्वंगु दु । विहारया स्वरुप चिधंगु हे जूसां ख्वपया पुलांगु विहारया धलखय् थुगु विहारया नां दुथ्याका तःगु दु । तचपाल त्वाः पूर्वस्थित च्याःम्हसिंह पुखू स्वयाः वनेबलय् बीचय् लानाच्वंगु सुर्यमढि त्वाःया दवू नं दक्षिण स्वयाः द्राहाँवन धाःसा थुगु विहार ध्वदुइ । थुगु विहारय् बुद्धाचार्य (शाक्यपिं) जक संघ सदस्य कथं दुथ्यानाः च्वंगु दु ।

ऐतिहासिक पृष्ठभूमि

ख्वपया मूबाहा अथवा चूडाकर्म विधि सम्पन्न याइगु छगू प्रमुख विहारकथं प्रसिद्धगु थुगु आदिपद्‌म महाविहार गुवले सुनां स्थापना यात धैगु खँ उल्लेख जुयाच्वंगु छुं नं अभिलेख मदु । तर बस्ति विकासक्रम कथं स्वयवले धाःसा थुगु विहार पुलांगु हे खनेदु (ख्वपया बस्ती विकास पूर्व पश्चिमपाखे जुया च्वंगु सिईदु) । थुगु लागाय् दुने वाचुहितिइ लुयावःगु लिच्छवि कालया छगू ल्वहँपतिइ आर्य भिक्षुणी संघ उल्लेख जुयाच्वंगु अनुसार थन बौद्ध विहार दु धकाः अथें हे सीइदु । थुकीया आधारय् थनया आदिपद्‌म महाविहार नं उलिहे पुलां जुइमा धैगु अनुमान यायेफु ।

थुगु बाहायात थनया बौद्धपिसं व स्थानीय वासीपिसं आदिबाहा धायेगु यानाः वःया च्वंगु दु । विभिन्न अभिलेखय् धाःसाः थुगु बाहायात तों बाहा, तुं (तुनं) विहार हे धकाः उल्लेख यानातःगु खनेगु । थुगु विहारया दकसिबे पुलांगु ने.सं. १०३ यागु अभिलेख खः(सम्यकरत्न उपासक (बज्राचार्य) - ख्वपःदे बहाबहीया संक्षिप्त परिचय, (ख्वप, धर्मपासापिं, नेसं.१०९१) पृष्ठ १९) । गोपाल राज वंशावलीइ ने.सं. ५०३ यम्व तुनं विहार धकाः उल्लेख यानातःगु दु ।(बज्राचार्य व मल्ल, पूर्ववत पाद टिप्पणीसं २०, पत्र ६२ क) । थनया छगू पुलांगु म्हासुगु भ्वंतय् च्वयाःतःगु बज्रधातु मण्डलया श्लोकयं मिति ६९० सं तोंबाहाल शब्दया उल्लेख जुयाच्वंगु दु (परिसिष्ट ४ स्वया दिसं) । थनया छगू पुलांगु म्हासुगु भ्वंतय् च्वयाःतःगु बज्रधातु मण्डलया श्लोकयं मिति ६९० सं तोंबाहाल शब्दया उल्लेख जुयाच्वंगु दु (परिसिष्ट ४ स्वया दिसं) । थनया शाक्यमुनि यात प्रजापति पिंसं श्रद्धा तया तिसाः छाया तगु छपाः ताम्रपत्र नं तोंबाहा धकाः उल्लेख जुगु खनेदु (परिसिष्ट ५ स्वया दिसं) । अथेहे मेगू छगू ग्रन्थ व्रतावदानमालाय् नं तुंवहाल यात तौलाछें धकाः उल्लेख यानाः तःगु दु (परिसिष्ट ६ स्वया दिसं) । अथेहे थन विहारं पिनेच्वंगु तुं लिक्कया ल्वहंपतिइ त्वंबाहा धकाः उल्लेख यानातःगु दु (परिसिष्ट ७ स्वया दिसं) । थुकथं हे ने.सं. ८६३ या मेगु छगु तमसुक पत्रय् नं तोबाहा धकाः हे उल्लेख याना तःगु खनेदु (परिसिष्ट ८ स्वया दिसं) । थुगु तुं ने.सं. ८८३ स पुर्णराज व तवधिक निम्हसिनं दयेकुगु खः । अथेहे थनया क्वाःपाः द्यया तोरणय कियातःगु अभिलेख ने.सं. ९८६ यागु खः (परिसिष्ट ९ स्वया दिसं) । मुनिरत्नसहितं देछाःगु थुगु तोरणय् वि.सं. १८९० सालया महाभूकम्पं दुंगु थुगु विहार ३०-३५ दँ लिपाजक जिर्णोद्धार जुयेफुगु खँन्ह्ययथना तःगु दु । अथे हे थनया संघपिनि

विभिन्न पुजाय् थाइगु डमरुस (डबडब) ने.सं. १०३० अङ्कित यानात:गु जुल । थुगुकथं विहार नाप सम्बन्धितगु विभिन्न अभिलेखत स्वया: यंकेवलय् थुगु विहार नं ख्वपया छगू पुलांगु प्रमुख विहा ख: धका: स्वत: अनुमान यायेफु ।

विहारया स्वरूप

च्या:म्हसिंह पुखूया पश्चिमपाखेया लँ जुया: सूर्यमढि दबू जुया: दक्षिणपाखेया गल्लीं द्वाहां वनकि आदिपद्म महाविहार थ्यनि । थुगु महाविहार या चाकछिं ल्वहं फ:दु । बाहा चुक नं ल्वहँतं सियात:गु दु । ल्वहँतं सियेगु ज्या ने.सं. ११०१ स सम्पन्न जुगु खँ थन चुकया छगू अभिलेखय् उल्लेख यानात:गु दु (परिसिष्ट १० स्वया दिसं) । बर्गाकारगु थुगु बाहाचुकय जम्मा प्यंग:: चैत्य दुसा थनया क्वा:पा:छें पश्चिमाभिमुख स्वयाच्वंगु दु ।

विहारया नितजागु क्वा:पा:छें दु । छद्यागु थुगु क्वा:पा:छें स्वय्बले साधारण खनेदु । क्वा:पा:द्योथाय द्वाहां वनेगु मूलुखायात विभिन्न बुट्टा किया लिपातां भुनात:गु तोरणं छायपियात:गु दु । तोरणया मध्येभागय् पद्मपाणि बोधिसत्वया: किपा कियात:गु दु । लुखाया जवय् आगंप्वा: व खवय् सारिपुत्र मौदगल्यायेन सहित शाक्यमुनिया मूर्ति दु । गर्भगृहया दुनय् क्वा:पा:द्याया रुपय् शाक्यमुनि बिज्याका त:गु जुल । क्वा:पा:द्योया न्ह्योने दुरुल्वहंया बज्रधातु चैत्यसहित खिचाभू इत्यादि नं स्थापना यानात:गु दु । थनया पुलांम्ह क्वा:पा:द्यो रक्तचन्दनया:म्ह ख: । तर उम्ह रक्तचन्दनया पुलांम्ह क्वा:पा:द्यो जवंखवं च्वंपिं पद्मपाणि बोधिसत्व व बज्रपाणी बोधिसत्वपिं सहित ने.सं. ११०३ (वि.सं. २०४०) स खुया यंकुगुलिं थौंकन्हे मेम्ह शाक्यमुनि स्थापना यानात:गु जुल ।

क्वा:पा:द्योया च्वयेया तल्लाय् आगं क्वथा नीस्वना: त:गु दु । थुगु तल्लाया ख्वा:पाखे साधारण कथंया स्वपा: तिकिभ्या: छुनात:गु दु । नापं अंगलय् समन्तभद्र, अक्षोभ्य तथागतया मूर्ति च्वया:त:गु दु । बाहाछेंया पौ आंय्पा ख: । दकसिबय् च्वय् गजूया रुपे चैत्य छुनात:गु दु ।

थन विहारय् जम्मा प्यंग: चैत्य दुगु जुल । क्वा:पा:द्योया न्ह्योनेसं अशोक चैत्य पलिस्था यानात:गु दु । थौंकन्हे थुगु चैत्ययात सिमेन्ट प्लाष्टरयाना: विम्व चैत्यया आकृतिं वय्क तोपुया त:गु दु । थुगु चैत्य पश्चिम पाखें छग: मेगु धर्मधातु चैत्य दुगु जुल । थुगु चैत्यया पश्चिमपाखे चिधंगु पलेस्वाँ मन्द: व छगू जगशाला नं दय्का त:गु दु । थुगु चूडाकर्मादि ज्या न्ह्याकिगु इलय् होमकर्म विधि आदि सम्पन्न याइगु ख: । थनं नं दक्षिणाखे गुम्बज शैलीगु छग: पद्म चैत्य दुसा थ्वया: लिक्क हे मेगु महाँकाल चैत्य छग:नं पलिस्था याना: त:गु दु ।

विहारया पश्चिम व उत्तरपाखे थनया संघ दुज:पिनिगु छें निर्माण जुयाच्वंगु दुसा: दक्षिणपाखे छतँजागु छगू महायानी गुम्बा दु । वि.सं. १९८० पाखें ल्हासा निसें दण्डवत याना स्वयम्भू ज्योतिरुप दर्शन या: बिज्याम्ह क्यान्छा लामा नमोबुद्ध बिज्याना अनं लिहा बिज्यावलय् थुगु विहारय् बिज्याना थनच्वंपिं उपासकउपासिका पिन्त महायानी शिक्षाअनुसार धर्मदेशना याना जप, ध्यान, पुजा याना बिज्यात । उबले निसें थौं तकनं थुगु गुम्बाय् पुजादी यायेगु परम्परा न्ह्याना च्वंगु हे दनि (विहारया दुज: चैत्यरत्न शाक्यपाखें प्राप्त जानकारी) । गुम्बाय् महायानी भिक्षुपिंसं महायानी परम्पराकथं चर्या याना: पूजा याना: वयाच्वंगु दु । चुकया दक्षिण पश्चिमय् छगू चिधंगू क्वथाचाय उत्तराभिमुख विश्वकर्मा द्यो स्थापना यानात:गु दु । विहारया मेगु लुखा पश्चिमपाखे दु । थ्वहे विहारया पुलाँगु मूलुखा ख: । दँय-दँसं नवदुर्गा द्यो थन द्वाहाँ विज्याकीवले थ्वहे पश्चिमया लुखाँ विज्याका: उत्तरया लुखाँ प्वाहां विज्याकेगु चलन यथावत् न्ह्याका: वयाच्वंगु दनि । अथेहेतुं थुगु संघ दुज:पिनि सुं सि बले थ्वहें लँपुं सिथं यनिगु चलन ल्यनाच्वंगु दनि ।

विहारया संघ व ज्याइव

आदिपद्म महाविहारया संघ बुद्धाचार्य शाक्यपिनिंगु जक ख: । थनया शाक्य बुद्धाचार्यपिं ख्वपया दकले पुलांपिं ख: धैंगु जनविश्वास दु । विहारया संघ

सदस्यपिं धा:सा थौंकन्हे मुक्कं याना: गुँगु खल:खय् सीमित जुयाच्वंगु दु । थुपिंमध्ये छगू खल: थनया इनाचो त्वालय् व मेगू काभ्रेया नालाय् स्थायी बसोबास या:वने धुंकुगु दु । थुगु विहारया संघ सदस्यपिं पशुपति विहारया दीपंकर भंडार स्वइपिंकथं अनया गुथिनाप आबद्ध जुयाच्वंगु दु । थन भण्डार स्वइम्हयात चिनंजु धाइ । आतक थन विहारया चिनंजु जुया वंपिनिगु नां थथे दु - शाक्यमुनि बुद्धाचार्य, सुकुमान बुद्धाचार्य, मोति बुद्धाचार्य, कुलबज्र बुद्धाचार्य, अमोघबज्र बुद्धाचार्य, मोहलाल बुद्धाचार्य, बिकुमान बुद्धाचार्य, हर्षबहादुर बुद्धाचार्य, लालबहादुर बुद्धाचार्य, बुद्धरत्न बुद्धाचार्य व थौकन्हय सप्तरत्न बुद्धाचार्य ख: । उकिं थनया संघ सदस्यपिंत पशुपति विहारया दशनायक आजुपिनिगु परम्पराय समाहित जुयेत आजु लुइगु सुविधासमेत बियात:गु दु । पशुपति विहारया संघ खल: पिसं ब्यूगु जानकारी कथं आदिपद्म महाविहारया संघ दुजत मध्ये तबधिक शाक्यजु थपाजु जुयावंगु यथार्थता उदाहरणकथं न्ह्यव्वयेफु । उकिं तधिक शाक्यजुयात त:रिथापा धका:नं धा: धैगु संघ सदस्यपिनिगु धा:पु दु । थुगु खल:या दिगु द्यो कमल विनायक लागाया पूर्वपाखे स्थापना याना:तम्ह चण्डमहारोषण ख: । थौंकन्हे थुमिगु खल मध्यया छगू परिवारं नाला करुणामयया द्योपाला जुया फुक्क ज्या न्ह्याका वयाच्वंगु दु ।

थनया क्वा:पा:द्योया न्हिथं नित्यपुजा याना:वयाच्वंगु दु । संघ दुजपिंसं लय् छक पा:फया: वयाच्वंगु दु । नित्यपुजाबाहेक थन पर्व पूजा नं याना: वयाच्वंगु दु । उकिमध्ये यँद्यापुन्हिया द्वादसीखुन्हु यमा:द्योचा स्वांया पुन्हिखुन्हु होमयाना: वहनी डल्लुपुजायाना: समय् नइ । गुगु परम्परा थौंतक्क नं चलेजुयाच्वंगु दनि । अथेहे कतिंपुन्हिखुन्हु विहारया दथुइ स्थापना जुयाच्वंगु चिभा द्ययागु वुसाइंयाये । थुकुन्हु सुथय् बाहालय् तुत: ब्वनेगु ज्या जुई । वहनी त्वा:या प्रजापति (कुम्हा) तयसं महादिप च्याक वई । अथेहे पाहाँचन्हे खुन्हुलुकुमाद्यो पुजायाना: समेय् नयेगु परम्परा दनि । दिशीपुजा (चिकुला दिशी) कुन्हु आगमय् योगाम्बरया पुजायाये मा:गु परम्परा दु । अथेहे विस्काबलय् ल्यसिं थनिंखुन्हु गुँ सिं छ्वयक्का समेय् नयेगु परम्परा दुसा सिथिनख: वलय् तुं इया समेय् नयगु चलन दु । तर थौंकन्हे थुगु चलन मदय धुंकल । अथेहे घ्योचाकु संल्हुकुन्हु आगंपुजा याना: (क्षमापुजा याना:) नवदुर्गा विज्याका: समे नयेमा:गु चलन दु ।

थुगु विहारया संघपिसं गुँलावले सुथय् न्हापां नामसंगिति व वहनी तुत: ब्वनेगु याना: वयाच्वंगु दु । थुकीया लागिं नामसंगिति गुथि नं स्थापना जुयाच्वंगु दु । तर थुगु गुथिया छुं आयस्ता मदुगु थनया संघपिनि धा:पु दु । गुँलां पञ्चदान खुन्हु थुगु विहारं पिने च्वंगु सूर्यमण्डले दबूलिइ ख्वपया न्या:म्हं दीपंकरपिं विज्याका दबूया दक्षिण पाखे अवस्थित कुमारी फलय् थन विहारया गुरुजुपाखें न्हापा लाक्क पुजा याये । थुगु पुजा क्वमचाय्कं मेपिं सुयागु नं पुजा (दीपंकरयात) जुइ मखु । न्या:म्हं दीपंकरयात पाचाखय् क्षिर छायधुंका पञ्चदान कार्यक्रम सुरु जुई । थुगु पञ्चदान नख: ख्वपया तजिगु बौद्ध नख: जुगुलिं सकल शाक्य बज्राचार्यपिं थन विहारय् मुंवयेगु ख: । थुगु विहारया चुकय सकलें मुना पञ्चदान ज्याभ्व सुरुयाये धुंकातिनि कथहनं मेमेथाय्नं पञ्चदान ज्याभ्व: न्हयायें । थनया नालाच्वंपिं संघ खल:पिनि लुँ च्वना:त:गु पञ्चरक्षा सफू हया पुजायाना: पञ्चदान वीगु चलन दुगु ख: तर थौंकन्हे थुगु चलन कथं ज्या मजुइ धुंकल ।

बाहा दुने निर्माण जुयाच्वंगु महायानी गुम्बाय् नं थनया खल:पिसं विशेष रुपं हेरविचारयाना: अष्टमी, दशमी, पुन्हि, औसिवले ब्रत दना इलय ब्यलय् विभिन्न पुजा धर्मदिशना आदिज्या न्ह्याका वयाच्वंगु दु । विहार व गुम्बाया संरक्षण सम्बर्द्धन यायेत् थौंकन्हे थन प्रगति बौद्ध संघ छगूनं निस्वना: त:गु दु । थ्व संघ बौद्ध धर्म व संघया ज्या सुचारु रुपं न्ह्याका वयाच्वंगु दु ।

मैत्री - मनका विकारमाथि पहिलो प्रहार

लक्ष्मीचन्द्र बज्राचार्य

भूमिका

मैत्री शब्द आफैमा हार्दिक मित्रता युक्त छ जुन हरेक व्यक्तिमा हुनुपर्ने गुण हो । किनभने व्यक्ति मैत्रीयुक्त भएमा समाज मैत्रीले युक्त हुन्छ । मैत्री भावले नै शान्तिपूर्ण समाजको परिकल्पना साकार हुन्छ । वर्तमान परिप्रेक्षमा मैत्री भावको अभ्यास अति नै आवश्यक छ ।

विषय प्रवेश

बौद्ध दर्शनअनुसार चतु:ब्रम्ह बिहार (चार ब्रम्हविहार) मध्ये सुरुमा गरिने अभ्यास मैत्री भावना हो । त्यसपछि हरेक कुराको गुण अवगुण बुझेर, अनुभव गरेर करुणा, मुदिता र उपेक्षा भावनाको अभ्यास गरिन्छ । यी चार प्रकारको भावना अभ्यास गरिरहने व्यक्तिलाई 'ब्राह्मण' भनिन्छ भनेर सिद्धार्थ गोतम बुद्धले पचीस सय वर्षअगाडि भन्नुभएको छ । त्यसबेला उहाँ श्रावस्थीको जेतवन विहारमा बसिरहनुभएको थियो । द्रोण भन्ने एकजना ब्राह्मण आएर उहाँप्रति गुनासो गरे - 'हे गौतम, तपाईंले ब्राह्मण वर्गको अभिवादन गर्नुहुन्न रे । उनीहरुको आदरसत्कार गर्नुहुन्न रे । यो सत्य हो भने तपाईंले ठीक गर्नुभएन ।' द्रोणलाई सम्झाउँदै बुद्धले भन्नुभयो - 'ब्राह्मणकुलबाट जन्म हुँदैमा वेदले पारंगत हुँदैमा ब्राह्मण हुँदैन । जसले मैत्री, करुणा, मुदिता र उपेक्षायुक्त चार ब्रम्हविहार भावनाको अभ्यास गर्दछ उसलाई नै ब्राह्मण भनिन्छ ।' आफूलाई ब्राह्मण दाबी गर्ने द्रोणले बुद्धको उपदेश सुनेपछि कुरा बुझे ।

हामीले पनि यथार्थ सत्यलाई बुझ्नुपर्छ र त्यसको अभ्यास गर्नुपर्छ । यस क्रममा हामीले सुरुमा मैत्रीको अभ्यास गरेमा अति उत्तम हुनेछ । यसबाट अभ्यास गर्नेलाई मात्र होइन जसको लागि मैत्री भावना गरिएको हो । उसको पनि हित र कल्याण नै हुन्छ ।

हुन त हरेक मनमा जानेर नजानेर मैत्री हुन्छ नै । बुझेर यसलाई बारम्बार अभ्यास गरिएन भने मैत्री बिग्रिन सक्छ ।

मैत्रीलाई बिगार्ने भाइरसहरू

मनमा विभिन्न किसिमका विकृतिहरु हुन्छन् । होस गर्न सकिएन भने राम्रो मन, शुद्ध मनलाई विषाक्त बनाइदिन सक्छ । मनमा रहेको मैत्रीलाई पनि बिगारिदिन सक्छ । अत: यस्ता भाइरसहरुसँग सचेत भइरहनुपर्छ । केही भाइरसहरु यस प्रकार छन् -

क) द्वेषचित्त

समाजमा ६ प्रकारका चरित्र भएका मानिसहरु हुन्छन् । ती हुन् - द्वेषचरित्र भएका मानिस, रागचरित्र भएका मानिस, मोह चरित्र भएका मानिस, श्रद्धा चरित्र भएका मानिस, बुद्धि चरित्र भएका मानिस र वितर्क चरित्र भएका मानिस । मैत्री भावना सबै प्रकारको व्यक्तिलाई आवश्यक छ । द्वेष चरित्र भएका व्यक्तिलाई मैत्री भावनाको अभ्यास बढी फलदायी हुन्छ ।

द्वेष चरित्र भएका व्यक्तिमा दस प्रकारबाट द्वेषको उत्पत्ति भइरहन्छ । जस्तै

क१) आफ्नै कारणबाट उत्पन्न हुने द्वेषहरु

१) उसले मलाई दु:ख दिन्थ्यो,

२) अहिले पनि दु:ख दिइरहेछ

३) पछि पनि दु:ख दिनेछ ।

क२) मित्र वर्गको कारणबाट उत्पन्न हुने द्वेषहरु

१) उसले मेरो मित्रलाई अहित गर्‍यो

२) अहिले पनि अहित हुने काम गरिरहेछ

३) पछि पनि अहित हुने काम गर्नेछ

क३) शत्रु वर्गको कारणबाट उत्पन्न हुने द्वेषहरु

१) उसले मेरो शत्रुलाई उपकार गर्‍यो

२) अहिले पनि उपकार गरिरहेछ

३) फेरि पनि उपकार गर्नेछ र

क४) गरम मौसमको कारण, जाडो मौसमको कारण हुरि बतासको कारण बर्षातको कारण र फोहर इत्यादि वातावरणको कारण उत्पन्नु हने द्वेषहरु ।

ख) वैरभाव

द्वेष चरित्र र वैरभाव एक आपसमा सम्बन्धित छ । वैरभाव युक्त चित्तले सात प्रकारको कामना गर्छ । जस्तै :

ख१) मेरो वैरीले जति श्रृङ्गार गरे पनि नराम्रो होस्,

ख२) उ सधैं दुःखपूर्वक बसोस्

ख३) उ कहिल्यै धनवान नहोस्

ख४) उ कहिल्यै यशवान नहोस्

ख५) उस सधैं मित्रहिन भइरहोस्

ख६) मरणपछि नरकभोग गर्नुपरोस्

ख७) उसलाई कहिल्दै सुगति प्राप्त नहोस् ।

यसअनुसार वैरभाव जसमा उत्पन्न भइरहन्छ उसको वैर कहिल्यै शान्त हुँदैन । त्यसकारण हामीले वैरभावलाई हटाएर द्वेष चितलाई शान्त गर्नुपर्छ । बुद्धले भन्नुभएको छ -

नहि वेरेन वेरा नि - सम्मन्तीु ध कुदाचन ।

अवेरेन च सम्मन्ति - एस धम्मो सनन्तनो ॥

अर्थ - वैरभावले वैर कहिल्यै शान्त हुँदैन । अवैरभावले नै वैरभाव शान्त हुन्छ । यही नै परापूर्व समयदेखि चल्दै आएको (सनातन) धर्म हो ।(धम्मपद १/५)

द्वेष तथा वैर भावका दुर्गुणहरू

द्वेषभाव तथा वैरभाव भइरहने व्यक्तिमा विभिन्न किसिमका दुर्गुणहरु हुन्छन् । यस्ता व्यक्तिहरु अक्सर क्रोधित देखिन्छ । गरम स्वभावको हुन्छ । अनुहार बलिरहेको आगोको रापले रातो भइरहेको जस्तो देखिन्छ । यतिमात्र हैन क्रोधले आँखा कमजोर हुन्छ । चाँडै नै बुढेसकाल लागेको जस्तो हुन्छ । आयु अस्वाभाविक रुपले छोटो भएर जान्छ । यतिमात्र होइन क्रोधित व्यक्तिले जति राम्रो पहिरन लगाए पनि सुहाउँदैन । सधैं दुःखी र धनजनबाट बञ्चित हुनुपर्ने हुन्छ । सहृदयी मित्र प्राप्त हुँदैन । यशवान हुनसक्दैन ।

५) मैत्री स्वभावका गुणहरू

मैत्री भावना उत्पन्न गरिरहने व्यक्ति सुखपूर्वक सुत्छ । सुखपूर्वक बिउँझन्छ । नराम्रो सपना देख्दैन । साथीभाइ र समस्त प्राणीबीच प्रिय हुन्छ । अनुहार सुन्दर र तेजिलो हुन्छ । मरण अवस्थामा बेहोस हुनुपर्दैन । यस्तो गुणहरुबाट नजिक हुनको लागि मैत्री भावनामा दत्तचित्त भएर लाग्नुपर्छ । अतः यसको महत्त्व मात्र होइन मैत्री भावना कसरी गर्ने भन्ने थाहा पाइराख्नु लाभकारी नै हुन्छ ।

६) आफूप्रति मैत्री भावना

मैत्री भावना अभ्यासको लागि सबभन्दा पहिला आफू शीलवान हुनुपर्छ । कम्तीमा पञ्चशीलता पालन गर्नुपर्छ । त्यसपछि यसरी आफैप्रति मैत्री भावना गर्नसकिन्छ कि म वैरभावरहित हुनेछु । मेरो चित्त इर्ष्यारहित हुनेछ । म उपद्रवी स्वभावको हुन्दिन । मलाई लाभ हुने सुख सम्पत्ति अथवा मुक्तिपदमा पुग्ने मार्गफल सम्पत्ति नाश भएर नजाउन । म हरदिन यसरी नै बारम्बार भावना गरिरहनेछु । यसरी पहिला आफूप्रति मैत्री भावना राख्नुपर्छ ।

७) अरुप्रति मैत्री भावना

आफूलाई जसरी सुख सम्पत्ति र शान्ति आवश्यक छ अरुलाई पनि त्यति नै आवश्यक छ । अघि भनेझैं आफूप्रति मैत्री भावना गरेपछि आफूभन्दा बाहेककोलाई

पनि त्यसरी नै मैत्री बढाउनुपर्छ । जस्तो :

१) आफ्नो गुरु, उपाध्याय वा आफ्नो आदरणीय व्यक्तिप्रति
२) मध्यस्थ व्यक्तिप्रति अथवा मध्यस्थ भन्नाले त्यस्तो व्यक्ति जो प्रिय पनि होइन घृणित पनि होइन ।
३) मित्रवर्ग प्रति
४) नाताकुटुम्ब प्रति
५) दु:खीजन प्रति,
६) आफूमाथि वैरभाव वा शत्रुभाव राख्नेहरुप्रति ।

८) सतर्कता

स्त्री पुरुष जसको लागि मैत्री भावना गरे पनि समभाव राख्नुपर्ने कुरालाई ध्यान राख्नुपर्छ । समभाव राख्न सकिएन भने मैत्री भावनाले दु:ख, राग, तृष्णाजन्य विकृतिहरुलाई उत्पन्न गराउन सक्दछ ।

९) आफू र अरुप्रति मैत्री भावना

आफ्नो सुखशान्तिलाई साक्षीको रुपमा राखी आफूलाई जस्तै अरुको लागि पनि सुख शान्तिको चाहना राख्नुपर्छ । जसरी एक्लो छोरोको लागि आमाले हित, सुख र कल्याणको चाहना गर्छ । यस सम्बन्धमा मैत्री सूत्रमा यस्तो उल्लेख गरिएको छ -

माता यथा नियंपुत्त, आयुसा एक पुत्तमनुरक्खे
एवम्पि सब्ब भूतेसु, मानसं भावये अपरिमाणं
मेतञ्च सब्ब लोकस्मि, मानस भावये अपरिमाणं
उद्धं अधो च तिरियन्च, असम्बाधं अवेरं असपतं ॥

अर्थ - आमाले जसरी एक्लो छोरोप्रति आफ्नो प्राण समान माया राख्छ त्यस्तै सम्पूर्ण प्राणीहरुको हित सुखको कामना गरिरहनुपर्छ ।

आकास धर्ती सम्पूर्ण दिशामा रहेका सम्पूर्ण प्राणीहरुको हित सुखको कामना गर्नुपर्छ । वैररहित हुनुपर्छ ।

यसरी सम्पूर्ण प्राणीको हित सुखको कामना गरी मैत्री भावना गरेको कारणले गर्दा ती प्राणीहरुप्रति अनर्थ हुने क्रोधचित्त उत्पन्न हुन पाउँदैन । द्वेष भावना उत्पन्न हुन पाउँदैन ।

अन्तमा

सिद्धार्थ गौतम बुद्धले काम, क्रोध, लोभ, मोहजस्ता चित्तमा उत्पन्न हुने विकारहरुलाई हटाउनुपर्छ भनी उपदेश दिनुभएको छ । आफूलाई उपयुक्त हुने मैत्री भावना गरेर यी विकारहरुलाई ढाक्नुपर्छ । अनि हामी यथार्थमा जित्छौं । यस सम्बन्धमा उहाँले भन्नुभएको छ -

यो सहस्सं सहस्सेन-सङ्गामे मानुसे जिने ।
एकञ्च जेय्य अत्तानं -स' वे सङ्गामजुत्तमो ॥

अर्थ - संग्राममा गई हजारौं सैन्य (शत्रु) हरुलाई जित्न सक्नेलाई भन्दा आफ्नो मनलाई जित्न सक्नेलाई नै संग्राम जित भनिन्छ । (धम्मपद ८(४)

आफूले आफूलाई जित्नु भनेको आफ्ना मनका विकारहरुलाई हटाउनु हो । बुद्ध धर्म अनुसार चतुब्रम्ह विहार त्यो युद्ध जित्ने एक हतियार हो जसमा पहिलो प्रहार मैत्री भावनाबाट गरिन्छ । यो प्रहार सफल भएमा करुणा, मुदिता र उपेक्षा भावनाबाट पनि क्रमश: विकारहरुलाई हराउन टेवा मिल्दछ ।

ॐॐॐ

शत्रुले शत्रुलाई जति हानी पुऱ्याउन सक्छ त्यो भन्दा बढ्दा हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।

गौतम बुद्ध

बुद्ध जयन्तिको उपलक्ष्यमा समस्त नेपालीहरुमा सुख, समृद्धि र शान्ति छाओस् भनी शुभकामना व्यक्त गर्दछ ।

प्राचार्य
आदर्श आजाद उच्च मावि
भेलुखेल-११, भक्तपुर, ६६१०५८०

बुद्ध र मार्क्सवादी दर्शन प्रस्थानविन्दु एउटै

योगेन्द्रमान बिजुक्छें

दुई युगान्तकारी दर्शन

आजभन्दा पच्चीससय पचपन्न वर्ष पहिले यस नेपालभूमिमा जन्म लिएका राजा शुद्धोदनका छोरा युवराज सिद्धार्थले वैशाख पूर्णिमाको दिन बुद्धत्व प्राप्त गरेपश्चात् भगवान बुद्धको रुपमा चिनिए र उनी बुद्ध धर्म र बौद्ध दर्शनका प्रवर्तक भए । आज दक्षिण एसिया, दक्षिणपूर्वी एसिया, पूर्वी एसियालगायत देशहरू तथा पश्चिमा देशहरूमा समेत बुद्ध दर्शनको प्रभाव निकै शसक्त देखिन्छ । त्यस्तै आजभन्दा एकसय त्रियानब्बे वर्ष पहिलेमात्र जर्मनीमा जन्मेका कार्लमाक्सको दर्शन र चिन्तनले पनि विश्वभरका देशहरूमा बलियो प्रभाव पार्दै आएको विदित्तै छ । यस्तो अत्यन्त प्रभावशाली, गहन र युगान्तकारी दुई दर्शनहरूको तुलनात्मक चर्चा गर्ने जर्मको यहाँ गर्न खोजिएको कदापि होइन र यस सानो लेखोटमा यी दुई दर्शनका विविध आयामहरूको चर्चा सम्भव पनि छैन । भौतिक सुख सुविधाको लागि जो कसैले पनि कुनै पनि नैतिकताको पर्खाल भत्काउन पछि नपर्ने आजको युगमा पच्चीस सय वर्ष पहिल्यै बुद्धको दर्शनले भौतिक सुविधा जीवनको सत्य होइन र आफ्नो फाइदाको लागि अरुको शोषण कुनै पनि हालतमा न्याय सङ्गत हुनसक्दैन भन्ने मार्क्सले गरेको चिन्तन आज पनि उत्तिकै सार्न्दभिक भएकोले यी दुई दर्शनमा निहित मानव दुःख र यसको कारण र निवारणको बारेमा थोरै चर्चा गर्ने कोशिशमात्र गरिएको हो । शान्ति र अहिंसाका पर्यायको रुपमा चिनिएका बुद्ध र कहाँ साम्यवादका प्रणेताका रुपमा चिनिएका मार्क्स, कहाँ प्राचीन युग र पुर्वीय संसारका बुद्ध र आधुनिक युरोपका मार्क्स दुई विपरीत ध्रुव र गोलार्द्धका जस्ता देखिने यी दुईका दर्शन र चिन्तनमा कुनै समानता र सादृश्य होला र भन्ने लाग्छ झट्ट हेर्दा ।

मार्क्सवादमा बुद्ध दर्शन

मार्क्सवादी साहित्यमा बुद्ध दर्शनको विश्लेषण गरिएको खासै पाइँदैन । मार्क्सले धर्मको बारेमा धेरै चिन्तन गरी व्याख्या गरेका भए पनि बुद्ध धर्मको बारेमा भन्ने प्रष्ट नलेखिएको क्वीन्सलैण्ड विश्वविद्यालय अष्ट्रेलियाका बौद्ध दर्शनका चिन्तक डा. भिक्टोर गुणाशेखराको मत रहेको छ । उनका अनुसार सन् १८५२ मा मार्क्स 'न्युयोर्क दैनिकको' लागि युरोपका लागि संवादाता हुनुभन्दा पहिले एसिया मामिलाबारेमा उनले खासै नलेखेको तर १८५४ मा मध्य एसियामा अङ्ग्रेज र रसियाको प्रतिद्वन्द्विताको प्रसङ्गमा हिमालयको वारि र पारि दुवैपट्टि बुद्ध धर्मको बर्चस्व रहेको भनी थोरै चर्चा गरिएको पाइन्छ । त्यस्तै एंगेल्सले सन् १८५८ मा बर्माका बारेमा लेख्दा त्यहाँका जनता बुद्धमार्गी भएको उल्लेख गर्दै बुद्ध दर्शनको बारेमा थोरै चर्चा गरेका थिए ।

बौद्धमार्गी अम्बेडकरको आँखामा मार्क्सवाद

यता बौद्ध दर्शनका गम्भीर अनुयायीका रुपमा चिनिने र स्वतन्त्र भारतको संविधानका मस्यौदाकार एवं विद्वान डा. बाबा साहेब अम्बेडकरले मार्क्सवाद र बौद्ध दर्शनका बारेमा तुलनात्मक अध्ययन गरेको पाइन्छ । सन् १९५६ मा काठमाडौंमा सम्पन्न चौथो अन्तर्राष्ट्रिय


मार्क्स

बुद्ध

आफ्नै जस्तो लाग्यो त्यो दु:ख भोग्नेलाई भन्दा उनीहरूलाई असह्य भयो । दुवैको अन्तरमनमा सुषुप्त अवस्थामा रहेको "गुण" को कारणले नै अरुको दु:ख लाई उनीहरूले आफ्नो अनुभूति गर्‍यो । हो, त्यो मानवतावादी गुण जुन दुवैमा साझा थियो र यसकै कारणले नै दुवै दर्शनको प्रस्थानविन्दु एउटै हुन गयो । तर उनीहरूले देखेका र अनुभूति गरेका दु:खको चरित्र भन्ने एउटै अवश्य थिएन । आहार, निन्द्रा

बौद्ध सम्मेलनको सम्बोधनमा डा. अम्बेडकरले मार्क्सवाद र बौद्ध दर्शनको तुलना गर्दै मार्क्सले खोट्याएका धेरै कुराहरू उतिबेलै बुद्धले अनूभुति गरी त्यसको निवारणका उपायहरूसमेत सुझाइसकेको बताएका थिए ।

त्यस्तै नेपालका स्व: भिक्षु अश्वघोष आफ्नो पुस्तिका "बुद्धकालिन प्रजातन्त्र र समाजवाद" मा पनि केही थोरै उल्लेख गरिएको पाइन्छ भन्ने ओशोका अनुयायी स्वामी अरुणले आफ्नो आलेखमा यसबारे चर्चा गरेको भेटिन्छ । हालैका दिनहरूमा बौद्ध धर्म गरु दलाई लामाले पनि यसको जिकीर गर्दै आफू आधा बौद्धमार्गी र आधा मार्क्सवादी भएको सार्वजनिक रुपमा घोषणा गर्दै आएका छन् ।

मानव जीवनमा दु:ख छ

फरक युग र नितान्त भिन्न सामाजिक परिवेशका यी दुई चिन्तक बुद्ध र मार्क्सका दर्शनका प्रस्थानविन्दु भन्ने एउटै रहेकोमा विवाद देखिदैन । मानव जीवन कष्टकर, दु:खमय भएको दुवैले महशुश गरे । मानव जीवनमा दु:ख देख्नेहरूमा बुद्ध र मार्क्स पहिलो त पक्कै होइन । उनीहरू दुवैको व्यक्तिगत जीवन पनि कष्टकर त हुँदै होइनन् । तर उनीहरूलाई अरुको दु:ख

र मैथुनको चक्रमा घुमेको आफ्नो जिन्दगीबाट विरक्तिएका राजकुमार सिद्धार्थले भोग, रोग, दरिद्रता (गरिबी) सिकिस्तता र मृत्युको अवलोकन गर्दा मानव जीवनमा दु:ख देखे । रोग, अशक्तता र मृत्यु सबैको जीवनमा अनिवार्य भएकोले धनी, गरिब, मालिक, नोकर, राजा, प्रजा सबैको जीवनमा दु:ख हुन्छ भन्ने बुद्धले । औद्योगीकीकरण र पूँजीवादी प्रणालीले जरा गाड्दै लगेकोले बेलायतका कलकारखानाहरूमा बालबालिका र मजदुरहरूले पाएको दु:ख र अमानवीय अवस्था मार्क्सलाई असह्य भयो । उनले दुई छाक टार्न र आफ्ना बालबच्चाको लागि चाराको खोजीमा दिनको १५/१६ घण्टा अटुट रुपमा कारखानाका मेसिनसँग सङ्घर्ष गर्दै वस्तु उत्पादनमा एकोहोरो लागेका मजदुरहरूको दयनीय र कष्टप्रद जीवनमा साँच्चिकै मार्क्सले दु:ख देखे । मानव इतिहासका विभिन्न कालखण्डमा एउटा वर्गले अर्को निमुखा वर्गमाथि थिचोमिचो र अन्याय गर्दा उनीहरूमा दु:ख देखे । यो दु:खको निवारणको लागि बुद्ध र मार्क्स दुवै चिन्तन, मनन, अध्ययन र कठोर साधनको सागरमा डुबुल्की मार्दै निस्कंदा यसको निवारण छ भन्ने निष्कर्षमा पुगेको देखिन्छ ।

व्यक्तिगत सम्पति र कलह

बुद्धले 'चतुआर्य सत्य' को सूत्रमार्फत् जीवनमा दुःख छ, यसको कारण छ र निवारण पनि छ र निवारणको लागि अर्को सूत्रको रुपमा 'आर्य अष्टाङ्गिक मार्ग' लाई अघि सारेको पाइन्छ । उता मार्क्सले देखेको दुःखको कारण कारखाना मालिकबाट मजदुरमाथि हुने शोषण हो । उनले अतिरिक्त मूल्यको सूत्रमार्फत् मजदुरले गरेको काम बराबरको मूल्य (ज्याला) बाट उसलाई बञ्चित गरी नाफाको लागि मालिकबाट हुने यस कार्यलाई शोषणको संज्ञा दिए र यसको निवारणको लागि उत्पादनका साधन व्यक्तिमा होइन राज्यको स्वामित्वमा हुनुपर्ने उपाय सुझाए ।

मार्क्सले इङ्गित गरेको दुःख र शोषणसँग बुद्धको प्रत्यक्ष सरोकार नदेखिए पनि व्यक्तिगत सम्पतिको बारेमा भने बुद्धमार्गी भिक्षुहरूले आफ्नो सङ्घमा कपाल खौरने ब्लेड, भिक्षापात्र, पानीलोटा, सयोधागो र अन्य तीन चिवरबाहेक अरु सम्पत्तिको नाममा आफ्नो साथमा अन्य केही राख्न नपाउने नियम रहेको देखिन्छ । व्यक्तिगत सम्पतिले व्यक्ति/व्यक्तिमा द्वन्द्व भई कलहको अवस्था आउनसक्ने बुद्धको चिन्तन रहेको देखिन्छ ।

भौतिकवाद र अनिश्वरवाद

बुद्ध र मार्क्सको चिन्तनमा देखिएको अर्को सामिप्यता भौतिकवादी सोच र अनिश्वरवाद हो । सुनेको कुरामा विश्वास नगर्ने र परम्परागत भन्दैमा सत्य नसम्झने, अदृश्य र अलौकिक कुराको शरण वा सहायता लिनु व्यर्थ हुने, आफ्नै कार्यको फल आफैले भोग्नुपर्नेजस्ता बुद्धको वाक्यांश र उपदेशहरूले उनी ईश्वरको अस्तित्वलाई स्वीकार्दैनन् भन्ने देखाउँछ र उता मार्क्सले धर्मलाई अबोधगम्य कुराको व्याख्या गर्न, अनुचितलाई न्यायोचित सावित गर्न र दुःखीलाई सान्त्वना दिन मानिसले गरेको कृत्रिम सृष्टि हो भनेका छन् । त्यस्तै बौद्ध र मार्क्सवादी दुवै दर्शन वैज्ञानिक धरातलमा आधारित मानिन्छ । कुनै विषय र विश्लेषण वैज्ञानिक हुन यसले कार्य कारणको सम्बन्ध(cause and effect relationship) लाई आधार मानेको हुनुपर्छ । अर्को शब्दमा भन्नुपर्दा कुनै घटना वा परिघटना त्यसै शून्यमा घट्दैन, त्यसको लागि कुनै कारण हुनुपर्छ । परिणाम मुख्य होइन कारण मुख्य हो । बौद्ध धर्मको मौलिक व्याख्या वा सार मानिने सिद्धान्त ' प्रतीत्यसमुत्पाद' हो । सारमा यस सिद्धान्तले संसारको कुनै कुरा साश्वत छैन वा परिवर्तनशील छ र यो संसार अस्तित्वमा रहनुमा पनि कुनै कारण छ भन्छ । कुनै निर्विकार साश्वत परमशक्ति तत्वबाट सम्पूर्ण भवको संरचना भएको हो र त्यही शक्ति तत्वबाट भव सञ्चालित वा चलायमान हो भन्नु मिथ्यादृष्टि हो । बौद्ध दर्शनको यस सिद्धान्तलाई बीसौं शताब्दीमा आइन्स्टाइनपछिका मूर्धन्य भौतिक शास्त्री स्ट्रेफिन हकिन्सको नयाँ पुस्तक 'ग्राय्ण्ड डिजाइन' मा उल्लेख भएकोले पनि पुष्टि गरेको प्रतीत हुन्छ । हकिन्सका अनुसार ब्रह्मणको सृष्टिदेखि हरेक घटना र क्रियाकलाप हुनुमा कुनै ईश्वरको अनुकम्पा आवश्यकता छैन । यो त प्रकृतिको निश्चित नियममा सञ्चालित थियो, भइरहेको छ । उता मार्क्सको द्वन्द्वात्मक सिद्धान्तको निर्क्योल पनि उस्तै देखिन्छ । यस सिद्धान्तले भन्छ, हरेक कुरा चलायमान हुन्छ, कुनै वस्तु र विचारमा द्वन्द्व अन्तरनिहित हुन्छ र त्यस अन्तरनिहित द्वन्द्वको कारणले नै त्यसलाई नयाँ र अझ परिस्कृत तहमा पुऱ्याउँछ । यो द्वन्द्वको चरित्र भनेको विनाशको लागि भन्दा नयाँ सृजनाको लागि हुन्छ ।

समानता र समताका

समानता र समताका बारेमा पनि बुद्ध क्रान्तिकारी नै प्रतीत हुन्छ । उनको सङ्घमा गरेको सम्बोधनले यसलाई प्रमाणित गर्छ । 'तिमीहरू (भिक्षुहरू) विभिन्न कुल र जातिबाट आएका छौ सब आ-आफ्नै अस्तित्वमा बगिरहेका विभिन्न नदीहरू जब सागरमा गएर मिसिन्छ तिनीहरूको पृथक अस्तित्व मेटिन्छ र सबै एउटै हुन्छ । त्यस्तै सङ्घमा पनि कसैको छुट्टै पहिचान हुँदैन । सबै

बराबर र समान हुन्छन्' भन्ने बुद्धको कल्पना र मार्क्सको समतामूलक समाज साम्यवादको परिकल्पनामा अवश्य समानता भेटिन्छ । यी धेरै कुरामा समानता हुँदाहुँदै पनि मानवीय आवश्यकताको समान वितरणले मात्र समतामूलक समाज स्थापना हुन्छ भने मार्क्सको चिन्तन र सांसारिक जीवन र भौतिक वस्तुहरूको आवश्यकताभन्दा माथि पुगेर निर्वाणको चरणमा हरेक व्यक्ति पुग्न सक्छ भन्ने बुद्धको चिन्तनमा कताकता विभेद भने नदेखिने होइन । जेहोस् अनिश्वरवादी यी दुई दार्शनिकहरूले समग्र मानव जातिको कल्याणको लागि गरेको चिन्तन, साधना र अध्ययनलाई मानव इतिहासमा नमेटिने मसीले कोरिसकेको छ ।

यी दुई दर्शनका विविध आयामहरूमा टेकेर आज असङ्ख्य नयाँ चिन्तनहरूको जन्म भइसकेका छन् । नयाँ युग र परिवेशमा भएका ती चिन्तन र मननहरूले दर्शनशास्त्रमा नयाँ आयामहरू अवश्य थपेका छन् । मानव जीवनका दुःख र अन्य पक्षहरूका बारेमा यिनीहरूको निर्क्योल पनि अवश्य मननयोग्य छ । त्यही भएर बुद्ध दर्शनका पनि विविध हाँगाहरू विस्तारित भएका छन् भन्ने मार्क्सवादलाई पनि विभिन्न कोणबाट गरिएका विश्लेषणहरू पनि देखिए । तर यी कालजयी दुई दर्शनहरूमा मानव जीवनका विविध पक्षहरूको बारेमा यसमा अन्तरनिहित तथ्यहरूलाई भने चुनौती दिनसकेको देखिंदैन । बुद्ध र मार्क्सले सम्पूर्ण जीव र जगतको लागि गरेका योगदानले उनीहरूलाई महामानव त बनाएका छन् नै । यद्यपि बुद्धलाई भगवान नै ठानी उनको मूर्ति पुज्ने हाम्रो परम्परा र मार्क्सलाई पनि झण्डै ईश्वर नै बनाउन खोज्ने चलन भन्ने सारा बौद्धमार्गीहरू र मार्क्सवादीहरूसामु पहाड जत्तिकै चुनौती छ । यस्तो परम्परालाई बिस्तारै हताउँदै यी महामानवहरूका चिन्तनलाई दर्शनको रुपमा प्रतिस्थापन गर्नसक्नु नै उहाँहरूप्रति हाम्रो श्रद्धाभाव हुनेछ ।





बुद्धवादले देखाएको सनातन धर्म !

डि.आर. शाक्य 'ऋषि'

हाम्रो समाजमा जुनसुकै संस्कति, कर्मकाण्ड एवं परम्परागत कामहरू, रीतिरिवाजहरू आदि इत्यादि कामहरूलाई सनातन धर्म भने गरिन्छ । यस्तो किसिमको विश्वास एवं मान्यता हाम्रो समाजमा विद्यमान भएकोले कति मानिसहरू अन्ध रुपले पनि मान्दै आएको त्यतिकै नै देखिन्छ । त्यसैकारण हाम्रो समाजको त्यस्तो अन्धविश्वासले गर्दा जुन काम कुराहरू त्यागनुपर्ने त्यागन सकेनौं र लिनुपर्ने कुराहरूलाई लिन सकेनौं । जसले गर्दा हामीमा भएका अन्ध सनातन धर्मको विश्वासले गर्दा हाम्रो समाजका कति मानिसहरू भए नभएको सम्पत्ति खर्च गरेर यीनै सनातन धर्म जोगाइ राख्न चाहन्छ । यद्यपि वास्तविक रुपले सनातन धर्म बुझिदिएको भए सायद आफ्नै लागि मात्र भए पनि कल्याण नै हुन्छ होला । तर त्यसरी कतिले वास्तविक सनातन धर्म बुझ्न नसकेको कारणले गर्दा धर्मजस्तो पवित्र शब्दलाई सनातन जस्तो वास्तविक शब्दलाई अन्धकार बनाई मानिस मानिसमा धर्मलाई माध्यम बनाई जातीय, वर्गीय एवं विभिन्न प्रकारले शोषण गर्दै आइरहेको छ । यो पद्धति पनि सभ्य भनिएको मानिसको विकास क्रमदेखि हुँदै आएको देखिन्छ । यिनै कारणले गर्दा वर्गसङ्घर्षको सुरुवाट पनि हुँदै आएको त्यतिकै देखिन्छ । के यो पनि सनातन धर्म होइन र ?

भनिन्छ कति मानिसहरू वैदिककालदेखि चलिआएका जुनसुकै काम कुराहरूलाई सनातन धर्म भने गरिन्छ भन्ने कतिपय बौद्धहरूले पनि बुद्ध आदि बुद्धहरूको पालादेखिको जुनसुकै कामकुराहरूलाई पनि सनातन एवं परम्परागत धर्म भनेर मान्दै आएको छ । त्यससम्बन्धी कति कुराहरू सत्य पनि छ । वास्तवमा परम्परादेखि परापूर्वदेखि चल्दै आएको सनातन धर्म भन्नुभन्दा पहिले वास्तविक सनातन धर्म के हो ? भन्ने कुरा बुझ्नु जरुरी छ । यदि त्यसो नभए मेरो बाजेले घ्यू र भात खाए मेरो हात सुंघः भनेजस्तै मात्र हुन्छ ।

२६०० वर्ष पहिले तथागत बुद्धले भन्नुभएको थियो 'यस्स धम्म सनन्तनो' (यो नै सनातन धर्म हो) जुन स्वभाव धर्म हो । सास्वत धर्म हो । सर्वजनिय, सर्वकालिक र सर्वदेसिय धर्म हुन्छ । त्यो धर्ममात्र सनातन धर्म हुन्छ । यिनै स्वभाव धर्मअनुसार भने हो भने प्रकृतिको विधि, विधान नियमअनुसार हरेक प्राणीहरू जन्म, वृद्ध , रोगी र मृत्यु हुन्छ । यो कुरा सबैलाई थाहा छ भन्ने यिनै भित्र अनित्य, दु:ख र अनात्म पनि जोडिएको हुन्छ भन्ने कुरा जानिराख्नुपर्छ । यो धर्म सम्प्रदायविहिन धर्म हो । त्यसैकारण यसको जात छैन । सिमा छैन । काल छैन । रुप रङ्ग छैन । क्षण प्रतिक्षण जन्म सँगसँगै मृत्यु भइरहेको र अन्य त सम्पूर्ण रुपले मृत्यु हुने स्वभाव धर्म हो । मानिसहरूको हरेक कुसल, अकुसल चित्तवृत्तिको धारणबाट कर्म र कर्मफल पनि गरिन्छ भन्ने यिनै कारणबाट जन्म मृत्युको पनि तय: हुन्छ र यसैबाट बारम्बार जन्म मृत्यु हुने पनि गरिन्छ अर्थात् भवचक्र (प्रतित्यसमुत्पाद) मा गरिन्छ र दु:ख मुक्त हुने मार्ग फल अर्थात् जन्म मरण मुक्त पद निर्वाण लाभ हुन्छ । प्रकृतिका यस्ता स्वभाव धर्म लक्षण नै सनातन धर्म भएको कुरा बुद्धवादले मात्र २६०० वर्षको लामो समयको अन्तरालमा भाषा र शब्दमा वा शब्द अर्थमा कुनै न कुनै फेरबदल त भयो होला । तर

वास्तविक सत्य, धर्म नियममा कुनै फेरबदल भएन । त्यतिबेला यिनै नियम भनेको 'विनय' थियो । विनयको अर्थ विनम्र प्रार्थना पनि थियो । त्यति बेलाको जनभाषामा 'विनय' भनिन्छ । त्यस अर्थमा बुद्धको शिक्षा भनेको विनय धर्म' शिक्षा हो । यो विनय धर्म शिक्षा भनेको बुद्ध शासनको लागि मात्र होइन । यो सम्पूर्ण जगत एवं चराचरहरूको लागि पनि हो । यसैलाई सनातन धर्म भनिन्छ ।

एकदिन तथागत बुद्ध जेतवण बिहारमा बस्नुभएको बेला भिक्षु आनन्दले तथागतसँग सोध्नुभयो ।
भो शास्ता ! (भगवान) पहिले पहिलेका सातौं बुद्धहरूको माता पिताहरु र आयुसम्बन्धी कुराहर भन्नुभयो । तर उहाँ बुद्धहरूको उपसय, शिल, नियम, धर्मसम्बन्धी भन्नुभएन । के उहाँ बुद्धहरूको उपसथ, नियम, धर्म पनि यही नै हो कि वा अर्को हो ? बुद्धले भन्नुभयो :

'सब्ब पापस्स अक्करणं कुसलस्स उपसम्पदा ।'
सच्चित परियोदपनं एवं बुद्धानु सासनं ॥'

अर्थ - कुनै पाप कर्महरू नगर्नु कुसलकर्म संचय गर्नु यहीं नै बुद्धहरूको अनुशासन हो ।'

पहिले पहिलेका बुद्धहरू वर्तमानका बुद्धहरू र भविष्यमा आउने बुद्धहरूको पनि शिल उपोसथ विनय धर्म एउटै नै हुन्छ' भनेर बुद्धले भन्नुभयो । जुनसुकै बुद्धहरूको पनि विनय शिल धर्म एउटै भएकोले सबै बुद्धहरूले सबै पापबाट अलग्ग हुने कुसल कर्म गरी दुःखबाट मुक्त हुने कुरा नै भन्नुहुन्छ । त्यसैकारण मानिसहरूको कुसल र अकुसल धर्म कै कारणबाट भवचक्र निर्माण हुने भएकोले त्यस्ता अकुसल कर्महरू नगरिकन कुसल कर्म संचय गर्नु साँच्चै दुःख मुक्तिको बाटो हो । यो नै सनातन धर्म हो । भन्ने कुरा बुद्धवादले देखाएको छ ।

यसै प्रसङ्गमा बुद्धकालीन समयमा कालियाक्खिनी र उनको सौताको द्वेष भावबाट कस्तो रुपसम्म लिन पुगेछ भन्ने घटना प्रसङ्गका कुराहरु पनि सनातन धर्ममा नै केन्द्रित भएका छन् । एकदिन यी दुई आइमाई तथागत बुद्ध जेतवन विहारमा बस्नुभएको बेलामा यी दुई आइमाईहरूमध्ये पहिलाका आइमाईले सौताको सन्तान गर्भमा नै नहुने औषधि खुवाएकोले त्यसको पिडाबाट मृत्युसम्म हुन पुगे कि सौताको बदला लिने वाचा छोडेर गयो र जसको कारणबाट जन्म जन्मान्तरसम्म द्वेष भाव अविरल नदी झैं बगेर आई अन्ततः बुद्धसम्म समुख आइ पुगेकोले बुद्धले भन्नुभयो ।

नहिं वेरेन वेरानी सम्मतिथ कुदाचनं ।'
अवेरन च सम्मन्ति यस्स धम्म सनन्तनो ॥'

अर्थ - वैरभावले वैर शान्त हुँदैन, अवैरभावले मात्र शान्त हुन्छ । यो नै सनातनदेखि चलिआएको धर्म हो ।'

त्यहाँदेखि यी दुई आइमाईहरूको अद्वेष भाव, अवैरभावमा भावना राख्दै दिदीबहिनीजस्तै मैत्री राख्दै सुख पूर्वक जीवन बिताउँदै अन्य श्रोतापती मार्ग फल प्राप्त (कुसंस्कार मुक्त) सम्म प्राप्त गरियो । त्यसैगरी बुद्ध कालीन समयको अर्को घटना प्रशङ्ग पनि यस्तै छ । अंगुलीमाल दाखु कुनै समय अहिंस्रक नामले चिनिन्छ । गुरुकूलको हरेक शिक्षादिक्षामा जहिले पनि अग्रस्थान पाउने भएकोले गुरु र गुरुआमाको प्रेम पनि त्यतिकै थियो । जुन दृश्य उसको साथीभाईहरूको लागि अति नै सहय भएन । जसले गर्दा द्वेषको पराकाष्टाबाट षड्यन्त्रको तानाबाना रचियो गुरुमाथि चुग्लीको कुरा सुनाइयो र त्यहाँबाट अहिंसक हिंसक रुप धारण गरी सयौं मानिसहरूको हत्यासम्म पनि गर्न पुगियो र अहिंसक अंगुलीमाल (मानिसहरूको औंला काटेर माला लगाउने) दाखुको रुपमा चर्चित भयो । तर त्यति भए तापनि पञ्चमाहापाप गर्न नपुगेको र उसको पूर्वसंस्कार बाँकी भएकोले पछि बुद्धको साक्षात्कार दर्शनबाट सम्पूर्ण राग द्वेष त्यागेर जीवन मुक्ति पाउने मार्ग फल 'निर्वाण' पद लाभसम्म पनि गर्नुभयो । तर पनि असंख्य मानिसहरूको हत्या भएकोले त्यसको कर्मको विपाक भोग्न बाध्य नै थियो । त्यसकारण

मानिसहरूको सु-कर्मको फल दुस्कर्मको विपाकबाट नै संस्कार बन्ने भएकोले त्यही 'संस्कार' प्रतित्य समुत्पाद' (भवचक्र) को हेतु प्रत्यय भएको छ । जसको सुरुवात अन्त भनेको दु:ख निरोध आर्यसत्य हो । आर्यअष्टागिक मार्ग (मध्यम मार्ग हो । यो नै सनातनदेखि चलिआएको धर्म हो ।

बुद्धवादले यसरी स्पष्ट रुपले सनातन धर्मको विषयमा देखाए तापनि आजभोलि प्राय: मानिसहरू शुद्ध मानवतावादी धर्म दर्शनलाई धमिलो पारेर इतिहासलाई बङ्ग्याएर कपोलकल्पित कुराहरूलाई सनातन धर्म हो भनेर जिक्किर गरेर बस्नु शिक्षित, बुद्धिजीवी भनाउँदाहरुका लागि त झन् नै अशोभनीय जस्तो लाग्छ । वास्तवमा स्वतन्त्र चिन्तनलाई बुद्धवादले त्यतिकै स्थान दिएको छ । तर पनि किन हो स्वतन्त्र दिमागलाई धर्मको क्षेत्रमा त्यति प्रयोग गर्दैन ? त्यसकारण अहिले धेरैजसो धार्मिक रुपले सनातन धर्म भनेर मान्दै आएको कुरा वास्तविक सनातन धर्म नभएको कुरा स्वत: अनुमान गर्नसकिन्छ । क्षण, प्रतिक्षण परिवर्तन हुने स्वभाव धर्म आदि अनादि कालदेखि चलिआएको छ । यो कहिले अन्त हुन्छ ? सनातन धर्म हो त्यसको मुक्तिको मार्ग पनि सनातन धर्म हो ।

ᏜᏜᏜ

अर्थ न वर्थका हजारौं वाक्य श्लोक पढ्नु भन्दा एउटामात्र सार्थक वाक्य वा श्लोक सुन्नाले वा पढ्नाले शान्ति प्राप्त हुन्छ ।

गौतम बुद्ध



बुद्धधर्मको प्रमुख विशेषता-पुनर्जन्म

तुल्सीकाजी मानन्धर

प्राणीहरू जन्मेर बुढो भई मर्छन् । हामीहरू मध्ये कसैलाई पुनर्जन्ममा विश्वास हुन्छ, भने कसैलाई विश्वास हुँदैन । धर्मका विभिन्न शास्त्रहरूमा पुनर्जन्मबारे चर्चा परिचर्चा गरिराखेको पाइन्छ । हाम्रो जनमानसमा पनि मानिस मरेपछि पुनर्जन्म हुन्छ भन्ने विश्वास गरिन्छ । फेरि यदाकदा भूत-प्रेतले तर्सायो र त्यस्तै मरेपछि भूत-प्रेत बनेर आएको पनि सुन्न पाइन्छ ।

पुनर्जन्मबारे हामी प्रत्येक व्यक्तिहरूले जानिराख्नु अति जरुरी छ । किनभने यो विषयमा स्पष्ट हुनु जरुरी छ । स्पष्टसँग बुझेन भने हामीहरू भूल-भूलैयामा फसिरहने छौं । हामीले कुनै फलको बियाँ रोप्यो भने त्यो विरुवा उम्रेर बढ्दै आएपछि फल दिन्छन् । यो त हामीलाई विश्वास गर्न सजिलो छ । तर कुनै व्यक्ति मरेर फेरि जन्म हुन्छ, भन्ने कुरा विश्वास गर्न गाऱ्हो छ । किन भने भौतिक जीवजगत जस्तै पुनर्जन्म हुने सबैले देख्ने कुरा होइन .। यो अति सुक्ष्म र गम्भीरतम विषय हो ।

बुद्धधर्मका प्रमुख ग्रन्थ त्रिपिटक-सुत्रपिटक, विनयपिटक र अभिधर्मपिटकलाई मानिन्छ । अभिधर्मपिटकमा पुनर्जन्मलाई प्रतिसन्धिका रुपमा लिन्छ । प्रतिसन्धि-नाम र रुपले लिन्छ । जति पनि स्थुल वस्तु (भौतिक) छ, ती सबै 'रुप' हो । त्यस्तै जति पनि सूक्ष्म चित्त चैतसिक (मानसिक) अभौतिक वस्तु सबै 'नाम' हो । 'नाम' ले अथवा 'रुप' ले मात्र जन्म लिन्दैन, नाम र रुप एक आपसमा आश्रित भइराखेको हुन्छ । त्यसैले दुई वटा अर्थात् 'नाम र रुप' एकैचोटि उत्पन्न हुन्छ र जन्म हुन्छ । मानिसको जन्म उसको पूर्वजन्मको कर्म पिपाकको कारणले गर्दा हुने हो । मरणको अन्तिम अवस्थामा 'च्यूति चित्त उत्पन्न भएपछि प्रतिसन्धि चित्त भई पुनर्जन्म हुन्छ ।

लोकजनहरू मृत्युपश्चात् के, कस्तो लोक, गति र योनिमा उत्पन्न हुने हुन्छ, त्यो जीवनको अन्तिम घडितिर चित्तमा मरणासन्न जीवनचित्त (आँखा, नाक, कान, जिब्रो र शरीर) र मनद्वारहरू मध्ये वा मन (चित्तहरूको समूह) को द्वार मनोद्वार मार्फत् निजले आफै अनुभव गर्ने आवलम्बनबाट नै व्यक्तिको अर्को जन्मको लोक वा गति निर्धारण गर्दछ । त्यस्तै मनुष्यको जीवन अन्तिम सञ्चित गरिर।खेको अनगिन्ति कुशल अकुशल संस्कारहरूमध्ये कुनै एक कर्मको अवलम्बन कुशल भएमा उसले मृत्यु पछि सुगतिलोकमा प्रतिसन्धित लिने र अकुशल भएमा उसले मृत्युपश्चात् कुनै न कुनै एक अपाय दुगर्तिमा प्रतिसन्धि ग्रहण गर्ने हुन्छ ।

कुनै पनि सत्व प्राणीले जीवनभरमा गरेको राम्रो नराम्रो जुनसुकै कर्मको फल अर्को जन्ममा सर्छन् र त्यहीअनुसार सुख र दु:ख भोग्छन् । त्यसैले (गतिविधि) जे गरे पनि हुन्छ भने सोच राखी अरुलाई दु:ख दिने अरुको कुभलो चिताउने जस्ता स्वार्थ भावना राख्नेहरूले आफ्नो जीवन सुखपूर्वक जीउन सक्दैन र भविष्य (अर्को जन्म) मा पनि दु:खी नै भएर जन्मनुपर्ने हुन्छ । यो कुरा विश्वास गर्न गाऱ्हो भए तापनि कुनै आर्य (ध्रुव) सत्य नै हो ।

अर्को कुरा हामीले जब नराम्रो सोच्छौं र गर्छौं । त्यसबेला हाम्रो मन अशान्त र दु:खी हुन्छ नै । त्यस्तै हामीले राम्रो विचार र राम्रो काम गर्छौं, त्यसबेला मनमा सुख अनुभूति र आनन्द महसुस हुन्छ नै । यसले पनि

प्रमाणित गर्छ कि राम्रो विचार र राम्रो काम गर्नु सुखी जीवनको लागि अत्यावश्यक छ । हामीले भौतिक रुपले मात्र विचार गर्नु उचित हुँदैन । अभौतिक (आध्यात्मिक) रुपले पनि विचार गर्नु अत्यावश्यक हुन्छ । किनभने सबै तत्व भौतिकले मात्र बनेको हुँदैन । अभौतिक तत्वले पनि बनेको हुन्छ ।

तथागत गौतम बुद्धले संसारका प्राणीहरूको दु:ख मुक्तिका लागि बोधिसत्व चर्या गर्नुभएको थियो । बोधिसत्व चर्याकै क्रममा उहाँले असङ्ख्य जन्म बिताई दस पारमिता, दस उपपारमिता र दस परमत्थ पारमिता पूरा गर्नु भई लोक हित कार्य गर्नुभएको थियो । दस पारमिता भन्नाले १) दान-त्याग, २) शील-नैतिकगुण, ३) नैष्कम्य-अनाशक्ति, वैराग, ४) प्रज्ञा-यथार्थज्ञान, ५) वीर्य-उत्साह, ६) क्षान्ति-सहनशीलता, ७) सत्य-यथार्थ वचन, ८) अधिष्ठान-प्रतिज्ञा, ९) मैत्री-समताभाव, समान-भाव र १०) उपेक्षा-मध्यस्थतालाई बुझाउँछ ।

हामीहरू कर्मअनुसार फरक-फरक विचार र इच्छाहरू लिएर जन्मछौं । जस्तै : एउटै आमाबाट जन्मेका जुम्ल्याहाहरूको नै मन अलग अलग हुन्छन् । एकको मन अर्कोसँग मिल्दैन एकलाई जाँड रक्सी खान मन लाग्छ त अर्कोलाई मन लाग्दैन । त्यस्तै एकलाई गुलियो मन पर्छ त अर्कोलाई पिरो मनपर्ने हुन्छ । फेरि एकलाई भ्रमण गर्न मन पर्छ त अर्कोलाई भ्रमण मन पर्दैन, आदि इत्यादि यस्तो फरक कुनै कारणले भएको हो, त्यो हो कर्मफलबाट भएको हो ।

बुद्ध धर्मले ईश्वरवाद र आत्मवाद पनि मान्दैन । त्यस्तै कर्म र कर्म फल (जीवन प्रवाह यो शरीरको अगाडि र पछाडि रहेको स्वीकार गर्नु) पुनर्जन्मलाई भन्ने मान्छन् । जस्तो कर्म गर्छ उस्तै फल प्राप्त हुने हुन्छ । यी बुद्धधर्मका विशेष विशेषताहरू हुन् । जुन गहन अध्ययन र मनन्‌बाट मात्र थाहा पाउन सकिन्छ । बुद्ध धर्मले बाह्य शुद्धिलाई भन्दा आन्तरिक शुद्धिलार्य विशेष जोड दिन्छ । हामीकहाँ केही व्यक्तिहरूको धारणा यस्तो पाइन्छ कि बुद्ध धर्मले आत्मालाई मान्दैन र ईश्वरलाई पनि मान्दैन, त्यसैले यो धर्म पूर्ण भौतिकवाद धर्म हो भन्ने तर्कहरू राख्ने गर्छन् तर यो सही भने होइन । किनकि बुद्ध धर्म पूर्ण भौतिकवाद होइन त्यस्तै पूर्ण आध्यात्मिकवाद पनि होइन । यो 'मध्यम मार्ग' अर्थात् कार्यकारक सिद्धान्तको वाद हो ।

हामीले कर्म र कर्मफलप्रति विश्वास गर्नैपर्छ । जसले कर्मफलप्रति विश्वास गर्दैन । उसले गर्ने हरेक क्रियाकलाप समाजका लागि प्रतिकूल हुनसक्छ पुनर्जन्म र कर्मफलले गर्दा प्रत्येक मानिसहरूलाई नराम्रो कर्महरू गर्न अनुमति दिँदैन र राम्रो कर्म गर्न घच्घच्याउँछ । नराम्रो विचार र कर्मले आफूलाई र अरुलाई अहित मात्र गर्छ । त्यस्तै राम्रो विचार र कर्मले आफूलाई र अरुलाई हित गर्छ । राम्रो कर्मले प्रत्येक व्यक्तिलाई नैतिकवान, इमानदार र नि:स्वार्थी बन्न प्रेरित गर्छ । त्यसैले कर्म र कर्म फलको विश्वासले समाजकल्याणको साथै प्रत्येकका वर्तमान र भविष्य सुधार्न सकिने हुन्छ । अत: सबै मानव र सम्पूर्ण प्राणीहरूप्रति आफूजस्तै थानि अरुको पनि जीवन रक्षा गर्नुपर्छ । सबै प्राणीप्रति दया, माया र करुणा राखी समाज र देशको प्रगतिमा लाग्नुपर्छ । भवतु-सबन मङ्गलं ।

ꙮꙮꙮ

- **अरुलाई सम्मान गर्ने र वृद्धहरुको सेवा गर्ने स्वभाव भएका व्यक्तिको आयु, बल, सुख र सौन्दर्य यी चार कुरा बढ्दछन् ।**
- **शत्रुले शत्रुलाई जति हामी पुऱ्याउन सक्छ त्यो भन्दा बढ्दा हानी कुमार्गमा लागेको चित्तले पुऱ्याउँछ ।**

गौतम बुद्ध

नेपालमा बौद्ध धर्मको विकासको ऐतिहासिक झलक

न्हुछेरत्न बुद्धाचार्य

नेपाल हिमालयको काखमा रहेको प्राकृतिक खरखजानाले परिपूर्ण भएको एक स्वतन्त्र राज्य हो । नेपाल उपत्यकाको सभ्यता बागमती, विष्णुमती नदीको किनारामा छ । यिनै नदीका किनारामा ठूलाठूला सहरहरु छन् । नेपाल हरेक क्षेत्रमा विविधताभित्र एकता भएको देश हो । यहाँ अनेक धार्मिक सम्प्रदाय र उपसम्प्रदायहरु प्राचीनकालदेखि नै अस्तित्वमा थिए ।

नेपालमा बौद्ध धर्मको प्राचीनता सम्बन्धमा अध्ययन गर्ने हो भने महामञ्जुश्रीको आगमनसम्म पुग्नुपर्ने हुन्छ । चीनबाट महामञ्जुश्री आइ जलमग्न काठमाडौं उपत्यकालाई बसोबासयुक्त गराउन चोभारको डाडो काटेर सबै पानी बाहिर पठाएको भनी वंशावलीमा छ । महामञ्जुश्रीलाई पनि बोधिसत्व भनेर मानेछन् । नेपालमा बौद्धधर्मको ऐतिहासिकता हेर्ने हो भने मूलसर्वास्तिवाद विनयसंग्रह जस्ता प्राचीन बौद्ध ग्रन्थमा गौतम बुद्धको जीवनकालमै नेपालको राम्रो उन्नति र यहाँ प्रसिद्ध बौद्ध भिक्षुहरुको

आवतजावतको कुरा महत्त्वका साथ वर्णित गरिएको छ ।

गौतम बुद्धकै समयमा बौद्धधर्मको प्रवेश नेपालमा भइसकेको भए तापनि यसको विस्तार र स्थायित्व सम्राट अशोकद्वारा भएको हो । आफू सम्राट भएको लगभग बीसौं वर्षमा अशोकले बौद्ध पीठहरुमा आफ्नो प्रसिद्ध यात्रा प्रारम्भ गरे । अशोकले स्थापित गरेका लुम्बिनी स्तम्भमा लेखिएको छ । यो स्तम्भ लेख पनि अशोकका अन्य अभिलेखझैं त्यस समय प्रचलित प्राकृत भाषा र ब्राम्हिलिपिमा लेखिएको यसको नेपाली अनुवाद यस प्रकारको छ । 'राज्याभिषेक भएको बीस वर्ष पुगेका देवताहरुका प्रिय, प्रियदर्शी राजाले स्वयं यहाँ आएर पूजा गरे । यहाँ शाक्यमुनि बुद्ध जन्मेका थिए भनी ढुङ्गाको ठूलो पर्खाल बनाइयो र शिलास्तम्भ खडा गरियो । यहाँ भगवान जन्मेका थिए भनी लुम्बिनी गाउँको बलि र अष्ट भाग क्षमा गरियो' ।

वंशावलीमा यो पनि लेखिएको छ कि अशोकको पुत्री चारुमतीले पनि आफ्ना पितासित नेपाल आएकी थिइन् । वृद्धा अवस्थामा चारुमतीले आफ्नो नामले एक बिहार पनि बनाउन लगाइन । जुन अहिले चावहिल बिहारले प्रसिद्ध छ ।

नेपालमा लिच्छविहरुको आगमनभन्दा पूर्वदेखि नै बौद्ध धर्म नेपालको लोकधर्मको प्रख्यात स्थल थियो । नेपालको भाषा वंशावलीका अनुसार शङ्कराचार्यले भागेर आएका बौद्ध मार्गीहरुलाई लखेट्दै नेपालसम्म आए । यहाँ पनि उनले भएभरका बौद्धहरुलाई पराजित गरेर हिन्दूधर्ममा दीक्षित गरे । भाषा वंशावलीअनुसार बौद्ध भिक्षुणीहरुको जबरजस्ती विवाह

गराएर उनीहरुलाई गृहस्थ हुनमा कर लगाइयो । यस अवसरमा शंकराचार्यले ८४००० बौद्ध ग्रन्थ जलाएको कुरा वंशावलीमा छ ।

सातौं शताब्दीको अन्त्यतिर अनङ्गबज्र भन्ने तान्त्रिकले लेख्नुभएको प्रज्ञोपाय विनिस्यसिद्धि नामक ग्रन्थमा बोधिज्ञानसम्बन्धी दर्शनलाई ज्यादै रोचक विवरण पाइन्छ । जस्तै 'यो संसार सपनासरी छ' अत: यो मिठ्या छ यही बोधिज्ञान हो । अर्को प्राचीन बौद्ध ग्रन्थ लेख्ने इसाको प्रथम शताब्दितिरको प्राचीन बौद्ध ग्रन्थकार अश्वघोषले आफ्नो सुप्रसिद्ध बौद्ध ग्रन्थ 'सौन्दरानन्द' मा निर्वाणलाई एउटा वत्तीसँग तुलना गरिएको छ । उहाँको कठनअनुसार निर्वाण ठीक एउटा टुकीजस्तै छ । त्यस्तै मानिस पनि यो सांसारिक मोह र ममतामा अल्भिःरहेसम्म मात्र बाँच्नसक्छ ।

अभ्र छोटकरीमा भन्ने हो भने 'मृत्यु नै मानिसको लागि ठूलो मुक्ति हो, जीवन त एउटा आयुरुपी तेलमात्र हो । जुन बल्दा बल्दै छिट्टै समाप्त हुन्छ' । मध्यकालमा पनि बौद्ध धर्मले राम्रो प्रगति गर्ने अवसर पाएको थियो । यसकालमा नेपालमा कैयौं महायानी मतालम्बीहरु तिब्बत गएर धर्म प्रचार गरेका र तिब्बतीहरु पनि नेपाल आएको कुरा सर्वविदित छ । बौद्धनाथ, स्वयम्भू, पाटनको हिरण्यवर्ण, रुद्रवर्ण, महाविहार भक्तपुरका चर्तुब्रम्ह महाबिहार त्यसरी काठमाडौंका श्री ध:बिहार आदिमा बौद्ध धर्मको शिक्षा दिने गर्दथ्यो । मध्यकालमा निर्मित ढलौटका मूर्तिहरुलाई हेर्दा पनि यस धर्मको व्यापकता भएको स्पष्ट हुन्छ ।

मध्यकालीन शिलालेखहरुले पनि तत्कालीन बौद्धधर्मको चर्चा गरेका छन् । मध्यकालमा पच्छिम नेपाल (कर्णाली प्रदेश) मा पनि बौद्ध धर्मको राम्रो प्रभाव परेको थियो । पच्छिमका खस राजाहरुका समयमा स्तुप र चैत्यहरु प्रशस्त निर्माण हुनुबाट पनि उक्त भनाइ पुष्टि हुन्छ ।

यसरी नेपालमा बौद्ध धर्मको विकासमा ऐतिहासिक कालदेखि नै भएको प्रमाणित हुन्छ ।

सहायक सामग्रीहरु

१) Ancient Nepal - D.R. Regmi
२) History of Nepa - Danua wright
३) नेपालको ऐतिहासिक रुपरेखा - बालचन्द्र शर्मा
४) प्राचीनकालीन नेपाल - बाबुराम आचार्य
५) नेपाल पत्रिका (पुरानो संस्करण) त्रि.वि.

बुद्धं भ्कीत धया विज्यात - २

• **चन्द्रबहादुर उलक**

बुद्धं भ्कीत धया विज्यात -
फुदंक गवलें नयेमते
नयला नयला धयाथें च्वंसां
भुइ ल्हा: हानं छोयेमते ।

थुकित धाइगु सम्यक आहारा
जुइमेत गवलें त:आहारा
स्वस्थ जीवन हनेगु ख:सा
कायेमा थुकिया सहारा ।

नसा त्वंसा फुक्कं वस्तु
यायेमा सदां सफा
लाथे पाथे नयेगु त्वनेगु
याये नं मज्यु सदा ।

मभिं मिखां स्वयेमते सुयातं
मिथ्या दृष्टि तयेमते
थ:म्हं याना कत: स्यनिगु
विचा: गवलें यायेमते ।

बुद्ध संवत् २५५६ को सुअवसरमा सम्पूर्ण मानव जातिमा **हार्दिक मङ्गलमय**

शुभकामना

साथै

शैक्षिक सत्र २०६९ को विद्यार्थी भर्ना अभियानमा साथ दिई यस विद्यालयलाई विश्वास गरी विद्यार्थी भर्ना गर्न ल्याउने अभिभावक, विद्यालय र भर्ना हुन आएका सम्पूर्ण विद्यार्थीहरुप्रति हामी हार्दिक अभार व्यक्त गर्दछौं ।

बागीश्वरी उच्च मावि

च्याह्मासिंह–१, भक्तपुर

बुद्ध संवत् २५५६ को सुअवसरमा सम्पूर्ण मानव जातिमा
हार्दिक मङ्गलमय शुभकामना

NEPAL TOY & DUMMY PRODUCT

Proprietor
Bijaya Basukala

Sinamangal, Kathmandu, Nepal
Tel : 4485358, 6612684 (R), 9841345787